सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्याः -२०८०/०८१ चलानी नः- १३८६ मितिः-२०८०/१२/१८

बिषयः सूचना प्रकाशन गरि दिने वारे।

श्री गोरखापत्र संस्थान,
धर्मपथ,काठमाण्डौ।

प्रस्तुत बिषयमा यस कार्यालयबाट पोषणमैत्री स्थानीय तह घोषणाको लागि विशेष अनुदान कार्यक्रम संचालन सम्बन्धी निम्न बमोजिमको सूचना मिति २०८०/१२/१९ गतेको गोरखापत्र दैनिकमा एक पटक (अतिरिक्त शुल्क नलाग्ने गरी) भित्री पृष्ठमा प्रकाशन गरि दिन हुन अनुरोध छ। सो बाफत लाग्ने शुल्क बिल प्राप्त भए पछी भुक्तानी हुने ब्यहोरा समेत अनुरोध छ

पोषणमैत्री स्थानीय तह घोषणाको लागि विशेष अनुदान कार्यक्रम कार्यान्वयनका लागि शिलबन्दी प्रस्ताव
आह्वान गरिएको सूचना
सूचना प्रकाशित मितिः २०८०/१२/१८

यस गाउँपालिकाका ९ वटै वडामा आ.व. २०८०/०८१ मा यस गाउँपालिकाको स्वीकृत बजेट कार्यक्रम अनुसार पोषणमैत्री स्थानीय तह घोषणाको लागि विशेष अनुदान कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सोका लागि प्रतिस्पर्धाबाट योग्यताक्रम निर्धारण गरी सेवा प्रदायक संस्थाको छनोट गर्नुपर्ने भएकोले ईच्छुक सेवा प्रदायक संस्था/ गैर सरकारी संस्था/फर्मबाट उक्त कार्यक्रम सञ्चालन गर्नका लागि रितपूर्वक प्रस्ताव आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः

१. प्रस्ताव आह्वानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त TOR प्राप्त गर्न सकिनेछ र १६ औं दिनको १२.०० बजे भित्र यस गाउँपालिकामा शिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र यसरी दर्ता भएका प्रस्तावहरु सोही दिनको २.०० बजे देखि कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।
२. प्रस्ताव दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन दर्ता वा खोल्ने कार्य गरिने छ।
३. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहने छ।
४. फर्म खरिदको लागि राजस्व शाखाबाट रु. ३०००।- (तीन हजार पछि फिर्ता नहुने गरी) को नगदी रसिद वा यस कार्यालयको नाममा रहेको सानिमा बैंक लिमिटेड सान्नी त्रिवेणी शाखामा रहेको आन्तरिक राजस्व खाताको खाता नं.०७३०१००४००००००३ मा रकम जम्मा भएको सक्कल भौचर पेश गरी खरिद गर्न सकिने छ। फर्म डाउनलोड गरी पेश गरेमा शिलबन्दी प्रस्ताव भित्रै रु. ३०००।-को नगदी रसिद वा बैंक भौचर अनिवार्य पेश गर्नुपर्नेछ।
५. TOR अनुसारका शर्तको पालना नभएको र रित नपुगि पेश हुन आएका प्रस्तावहरुलाई मान्यता दिइने छैन।
६. कार्यगत शर्त TOR हरु यस गाउँपालिकाको वेवसाईटः www.sannitrivenimun.gov.np वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

(नोटः थप जानकारीका लागी यस गाउँपालिकाका सूचना अधिकारी श्री राम प्रसाद संज्याल सम्पर्क नं ९८४८३७७०७७ मा गर्न सकिनेछ।)

प्रमुख प्रशासकीय अधिकृत

# विश्वासको मत लिने

**मकवानपुर समाचारदाता**
*हेटौँडा, चैत १८ गते*

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सोमबार बागमती प्रदेश सभाबाट विश्वासको मत लिने हुनुभएको छ।

केन्द्रमा सत्ता समीकरण परिवर्तन भएसँगै नेपाली कांग्रेसले सरकारलाई दिएको विश्वासको मत फिर्ता लिएपछि जम्कट्टेल नेतृत्वको सरकार अल्पमतमा पर्दा उहाँले विश्वासको मत लिन लाग्नुभएको हो।

बागमती प्रदेश सभाका सचिव कृष्णहरि खड्काले सोमबार दिउँसो १:०० बजे प्रदेश सभाको बैठक बस्ने जानकारी दिनुभयो। प्रदेश सभाको कार्यव्यवस्था परामर्श समितिको आइतबार बसेको बैठकले प्रदेश सभाको बैठकसहित विश्वासको मत लिने कार्यसूची तय गरेको छ। बैठकले कार्यव्यवस्था परामर्श समितिका सदस्यहरू हेरफेरसमेत गरेको छ।

यसअघि मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत सोमबार लिने प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले गत शुक्रबार बागमती प्रदेश सभा सचिवालयमा पत्र दर्ता गराएको थियो।

गत फागुन २३ गते कांग्रेसका छ जना मन्त्रीले सरकारबाट सामूहिक राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए। नेपालको संविधानको धारा १८८ को उपधारा (२) मा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने व्यवस्था छ।

११० जना प्रदेश सभा सदस्य रहेको बागमती प्रदेश सभामा बहुमतका लागि ५६ जना प्रदेश सभा सदस्य आवश्यक हुन्छ।

मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिने अघिल्लो साँझसम्म सत्ता गठबन्धनमा रहेका दल नै अनिर्णीत रहेका छन्। गठबन्धनमै रहेका दल विश्वासको मत दिने वा नदिनेबारेमा निर्णयमा नपुग्दा मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत जुटाउन सकस भएको छ।


बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल।

नेपाली कांग्रेसले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको विश्वासको मतको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री जम्कट्टेलले केन्द्रमा बनेको गठबन्धनको मतले मात्र नपुग्ने भएपछि हाम्रो नेपाली पार्टीका संसदीय दलका नेता शैलेन्द्रमान वज्राचार्यलाई मन्त्री बनाएर सोमबार विश्वासको मत लिने तयारी गर्नुभएको हो।

केन्द्रमा सत्ता समीकरण गरेका नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) मध्ये एकीकृत समाजवादीले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिने वा नदिनेबारे आइतबारसम्म कुनै निर्णय गरेको छैन। एकीकृत समाजवादीका बागमती प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले विश्वासको मत दिने वा नदिने भन्नेबारेमा निर्णय भइनसकेको बताउनुभयो। उहाँले छलफलमा क्रममा रहेको र अहिले निर्णय नभइसकेको बताउँदै गठबन्धन गर्दा पार्टीको अवस्था के भन्नेबारेमा कुनै सहमति नजुटेका कारण निर्णय नभएको बताउनुभयो।

### राप्रपा र नेमकिपा पनि अनिर्णीत

राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल मजदुर किसान पार्टीले पनि मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिने वा नदिनेबारेमा आइतबारसम्म कुनै निर्णय गरेका छैनन्।

राप्रपा संसदीय दलका नेता उद्धव थापाले पार्टीले अहिले विश्वासको मत दिने वा नदिनेबारेमा निर्णय गरिनसकेको जानकारी दिनुभयो। उहाँले अवस्था अनुसार सोमबार नै निर्णय गरिने बताउनुभयो। यस्तै नेमकिपा संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले विश्वासको मतका बारेमा निर्णय नभइसकेको बताउँदै सोमबार हेटौँडा आएर अवस्था अनुसार निर्णय गरिने बताउनुभयो।

उता दुई जना प्रदेश सभा सदस्य रहेको हाम्रो नेपाली पार्टीका नेता वज्राचार्य मन्त्री बनेपछि दलमै विवाद भएको छ। सो पार्टीका अध्यक्ष अनन्तराज घिमिरेले मुख्यमन्त्रीको विपक्षमा मतदान गर्न पार्टीले निर्णय गरेको जानकारी दिनुभयो।

यसैबिच कांग्रेस संसदीय दलका नेता रामकृष्ण चित्रकारले विश्वासको मतका लागि हुने मतदानमा कांग्रेसले विपक्षमा मतदान गर्ने र प्रतिपक्षमा बस्ने बताउनुभयो।

कांग्रेस बागमती प्रदेश समितिका सभापति इन्द्रबहादुर बानियाँको अध्यक्षता तथा कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामाको उपस्थितिमा बसेको बैठकले विश्वासको मतको विपक्षमा मतदान गर्न र प्रदेश सभामा कांग्रेस प्रतिपक्षमा बस्न कांग्रेस बागमती प्रदेश संसदीय दललाई निर्देशन दिने निर्णय गरेको कांग्रेस बागमती प्रदेश कार्यालयका मुख्य सचिव राजु खनालले जानकारी दिनुभयो।

## छोराछोरी सरकारी विद्यालयमा अनिवार्य भर्ना गराउनुपर्ने

**दोलखा समाचारदाता**
*दोलखा, चैत १८ गते*

दोलखाको वैतेश्वर गाउँपालिकाभित्र सरकारी तलबभत्ता लिनेले आफ्ना छोराछोरी सरकारी विद्यालयमा भर्ना गराउनुपर्ने भएको छ। सरकारी सेवा सुविधा उपभोग गर्ने कर्मचारी, जनप्रतिनिधि, शिक्षक, स्वास्थ्यकर्मीलगायतलाई शैक्षिक सत्र २०८१ मा आफ्ना बालबच्चा अनिवार्य रूपमा सरकारी विद्यालयमा भर्ना गर्न आग्रह गरिएको पालिकाका अध्यक्ष छवि लामाले जानकारी दिनुभयो।

गाउँपालिकाले चालु शैक्षिक वर्षदेखि नै आफ्ना गाउँपालिकाभित्रका राज्यको स्रोतबाट तलबभत्ता खानेका सबै बालबालिकालाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा पठनपाठन गराउन निर्देशन दिएको थियो। गाउँ कार्यपालिकाको २०७९ चैत २६ को बैठकले पालिकाभित्रका सरकारी सेवा सुविधा लिने सबैका बालबच्चा सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरेको थियो।

चालु शैक्षिक वर्षमा निर्देशनको ८० प्रतिशतभन्दा बढीले पालना गरेको अनुमान छ। केहीले जबरजस्ती निर्देशन अवज्ञा गरेकाले अर्को वर्षदेखि गाउँपालिका निर्देशन कार्यान्वयनमा कठोर हुने सङ्केत देखिएको छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा गाउँपालिकाले ध्यान दिएको छ। अध्यक्ष लामाले भन्नुभयो, "आफ्ना बच्चा निजीमा पढाएर सामुदायिक विद्यालयको शैक्षिक सुधारको कुरा सान्दर्भिक नभएकाले अब सामुदायिकमै पढाउने निर्णय भएको हो।"

विसं २०८० को शैक्षिक सत्र सुरु भएपछि गाउँपालिकाले सूचना जारी गर्दा पूर्ण रूपमा कार्यान्वयन हुन सकेको थिएन। कतिपयले भर्ना गरिसकेपछि सूचना जारी गरेको भन्ने असन्तुष्टि गरेकाले यसपालि पूर्ण कार्यान्वयन गर्न शैक्षिक वर्ष सुरु हुनु २१ दिनअघि नै सूचना जारी गरिएको हो। अध्यक्ष लामाले भन्नुभयो, "चालु शैक्षिक वर्षमा निर्णय प्रक्रियामा सहभागी केही जनप्रतिनिधि, कर्मचारी र शिक्षकले नै निर्देशन मानेनन्।"

## रास्वपाबाट मुलुक चल्न सक्दैन : अध्यक्ष लिङ्देन

**चितवन समाचारदाता**
*चितवन, चैत १८ गते*

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र लिङ्देनले राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वबाट मुलुकले निकास नपाउने बताउनुभएको छ।

पार्टीको चितवन क्षेत्र नं. १ क्षेत्रीय समितिले रत्ननगरमा आयोजना गरेको आमसभामा उहाँले राजनीतिक कार्यदिशा नभएको रास्वपाबाट देशले निकास नपाउने बताउनुभयो। "रवि लामिछाने नेतृत्वको पार्टीको न राजनीतिक सिद्धान्त छ न त स्पष्ट कार्यदिशा," उहाँले भन्नुभयो, "रङ्ग नभएको पार्टीले कसरी मुलुकलाई निकास दिन्छ ?"

उहाँले विदेशबाट ऋण लिएर नेता र अनावश्यक सांसद पाली मन्त्रीहरूलाई तलबभत्ता खुवाउनु परेकाले अर्थव्यवस्था बिग्रिएको हो भन्नुभयो। "तीन करोड जनता भएको मुलुकमा ३६ हजार जनप्रतिनिधिलाई विदेशबाट ऋण लिएर तलबभत्ता खुवाउनु परेको छ। राष्ट्रिय सभा र प्रदेश संरचना खारेज गर्नु पर्छ," उहाँले भन्नुभयो। नेपालमा गणतन्त्र असफल भइसकेको भन्दै अध्यक्ष लिङ्देनले केन्द्र र स्थानीय गरी दुई तहको राज्यव्यवस्था स्थापित हुनुपर्नेमा जोड दिनुभयो।


सभालाई सम्बोधन गर्दै राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन।

राप्रपाका वरिष्ठ उपाध्यक्ष एवं सांसद विक्रम पाण्डेले मुलुक सही दिशामा नरहेका कारण युवा विदेश पलायन हुने क्रम अप्रत्याशित रूपमा बढ्दै गएको बताउनुभयो।

आमसभामा पार्टीका प्रवक्ता तथा सांसद ज्ञानेन्द्र शाहीले सरकार सञ्चालनमा ठुला दलहरूको समीकरणका कारण मुलुक दलदलमा फसेको तर्क गर्नुभयो। क्षेत्रीय अध्यक्ष बलराम खनालको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका महामन्त्री शरदराज पाठक, सहमहामन्त्री रिना गुरुङ, जिल्ला अध्यक्ष रुद्र ढकाललगायतले मन्तव्य राख्नुभएको थियो।

## करेन्ट लागेर एकको मृत्यु

**हेटौँडा समाचारदाता**
*हेटौँडा, चैत १८ गते*

मकवानपुरको बागमती गाउँपालिका–८, कायरमा करेन्ट लागेर आइतबार बिहान स्थानीय देवराम रुम्बाको मृत्यु भएको छ।

आफ्नै बारीमा मकै हेर्न जाँदा भुइँमा लत्रिएको नाङ्गो तार छुन पुग्दा करेन्ट लागेर ५५ वर्षीय रुम्बाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो। रुम्बाको शव पोस्टमार्टमका लागि हेटौँडा अस्पताल ल्याइएको छ।

## वडाको काम एक्काइस दिनदेखि ठप्प

**चरीकोट समाचारदाता**
*चरीकोट, चैत १८ गते*

दोलखाको तामाकोशी गाउँपालिका–३ को कार्यालयको कामकाज ठप्प भएको २१ दिन पुगेको छ। सो वडाका वडाध्यक्ष रामप्रसाद काफ्लेलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत फागुन २७ गते विशेष अदालतमा मुद्दा दर्ता गरेसँगै निलम्बनमा परेको शनिबार २० दिन पुगेको छ। लामो समयसम्म कार्यवाहक वडाध्यक्षको जिम्मेवारी तोक्न नसक्दा कार्यालयमा वडाध्यक्षले गर्ने सम्पूर्ण काम ठप्प भएको हो।

स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट वडाध्यक्षमा काफ्ले, वडा सदस्यहरूमा कांग्रेसकै प्रचण्डदीप कार्की र विमला मिजार, नेकपा (माओवादी केन्द्र) बाट देवी पोखरेल र नेकपा (एकीकृत समाजवादी) बाट लीलामान मोक्तान निर्वाचित हुनुभएको थियो।

वडाध्यक्ष निलम्बनमा परेपछि कार्यवाहक वडाध्यक्षको जिम्मेवारीको विषयलाई लिएर वडा सदस्यबिच सहमति हुन सकेको छैन। वडा कार्यालयले पटक पटक छलफल गर्दासमेत सहमति नभएपछि वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरिएको थियो। दुई हप्ता तालाबन्दीपछि गाउँपालिका अध्यक्ष प्रोणप्रताप केसीको उपस्थितिमा बुधबार चार जना वडा सदस्यलाई आलोपालो कार्यवाहक दिने सहमति भएको थियो।

सहमति अनुसार वडा सदस्यहरू कार्कीलाई यही चैत १४ देखि २०८१ साल असार ३१ सम्म, मोक्तानलाई साउन १ देखि असोज ३० सम्म, देवी पोखरेललाई कात्तिक १ देखि पुस २९ सम्म र विमला मिजारलाई माघ १ देखि चैत १ सम्म कार्यवाहक वडाध्यक्षको जिम्मेवारी तोकिएको थियो।

सहमति अनुसार गाउँपालिकाका अध्यक्ष केसीले जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, गाउँपालिकाको कार्यालय र वडा नम्बर ३ को कार्यालयलाई पठाउनुभएको पत्रका आधारमा तामाकोशी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विमल निरौलाले कार्यवाहक वडाध्यक्षको जिम्मेवारी तोकेका वडा सदस्य कार्कीको नमुना हस्ताक्षर लिएर जिल्ला प्रशासन कार्यालय दोलखामा पत्र पठाउनुभएको थियो।

## राक्सिराङमा सडक कालोपत्रे गरिँदै

**हेटौँडा समाचारदाता**
*हेटौँडा, चैत १८ गते*

पश्चिम मकवानपुरको राक्सिराङ गाउँपालिकामा सडक कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। पूर्वपश्चिम राजमार्गको मनहरी हुँदै राक्सिराङको केन्द्र चैनपुर जोड्ने बाटो पहिलो पटक कालोपत्रे हुन लागेको हो। सडक कालोपत्रेका लागि अहिले धमाधम काम भइरहेको र जेठभित्र कालोपत्रे हुने छ।

मनहरीदेखि राक्सिराङको केन्द्र चैनपुर छ किलोमिटर भए पनि अहिले पहिलो चरणमा पाँच किलोमिटर मात्र कालोपत्रे हुने राक्सिराङ गाउँपालिकाले जनाएको छ। अघिल्लो कार्यकालमा बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले यस ट्र्याकको उद्घाटन गर्नुभएको थियो।

रिट नं. ०८०-WO-१६०३

**श्री उच्च अदालत पाटनबाट जारी भएको तपसिलका व्यक्तिको नामको १५ दिने म्याद।**

यसमा रिट निवेदक विसना नाथ र विपक्षी भुवन नाथ समेत भएको निषेधाज्ञाको रिट निवेदनमा यस अदालतको मिति २०८०।११।२२ गतेको आदेशानुसार तपाईंको नाउँमा आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी पठाइएकोमा म्याद बुझ्न नमान्ने र टाँस गरी तामेल गर्नसक्ने अवस्था नभएको भनी तामेलदारले दिएको प्रतिवेदन र निवेदकले पत्रिकामा म्याद सूचना प्रकाशित गरिपाऊँ भनी दिएको निवेदनका आधारमा मिति २०८०।१२।१३ गतेको आदेशानुसार यो म्याद सूचना प्रकाशित गरिएको छ। तसर्थ यो म्याद प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र आफैँ वा कानून बमोजिमको आफ्नो प्रतिनिधि वा वारेस मार्फत आफ्नो भएको व्यहोराको लिखित जवाफ पेस गर्नुहोला। अन्यथा कानून बमोजिम हुनेछ। **तपसिल**

१. काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ७ चुच्चेपाटीस्थित अथर्व बहुउद्देश्यीय सहकारी संस्था लि.

**इति संवत् २०८० साल चैत १९ गते रोज २ शुभम् ...।**

**नेपाल विद्युत प्राधिकरण**
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रादेशिक कार्यालय, धुन्चे वितरण केन्द्र
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
प्रकाशित मिति : २०८०।१२।१९

| क्र.सं. | दरभाउपत्र नं. | कामको विवरण | छनोट भएका दरभाउपत्र दाता | कबोल अङ्क (भ्याट सहित) रु. |
|---|---|---|---|---|
| १ | NEA/DDC/2080/081-04SQ(RE) | Construction of Office Approach Road. | श्री Arya Construction, रसुवा–६। | १२,८४,३४४।४४ |

# Invitation for Electronic Bid

**(First day of Publication : March 31, 2024)**

1. Nepal Telecom invites electronic bid from reputed and competent Bidders/Manufacturers through 'Single Stage Two Envelope 'Procedure for the following tender.

| S.N. | Tender No. | Bid Document Fee | Bid Security Amount | Closing date and time | Opening date and time |
|---|---|---|---|---|---|
| 1 | IFB No. NDCL/CTO/ICB/10/080-81 for Supply, Delivery, Installation and Commissioning of Convergent Real Time Billing and Customer Support System in Virtualized Platform. | NPR 50,000.00 or USD 450.00 | NPR 98,500,000.00 or USD 832,000.00 | May 21, 2024 12:00 Noon | May 21, 2024 1:00 PM |

2. A complete set of Tender Document may be downloaded for e-submission from PPMO's e-GP system at **www.bolpatra.gov.np/egp**.The Bidders shall submit their bid electronically and deposit above mentioned non-refundable fee in the bank account specified in bidding document.
3. In case, the last date of submission and opening of the Tender date happens to be an official holiday, the next working day will be deemed as the due date and the time will remain same as stipulated.

**Contact Address**

राष्ट्रको सञ्चार
Nepal Telecom

**Nepal Telecom**
**(Nepal Doorsanchar Company Limited),**
**Office of the Chief Technical Officer (CTO)**
**Center Procurement Department, Bhadrakali, Kathmandu, Nepal.**
**Tel. No. : 977-1-4210310,**
**E-mail : procurement@ntc.net.np**

**सान्नी त्रिवेणी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट, कर्णाली प्रदेश, नेपाल
२०७३

**पोषणमैत्री स्थानीय तह घोषणाका लागि विशेष अनुदान कार्यक्रम कार्यान्वयनका लागि सिलबन्दी प्रस्ताव आह्वान गरिएको सूचना**

सूचना प्रकाशित मिति : २०८०।१२।१९

यस गाउँपालिकाका ९ वटै वडामा आ.व. २०८०/०८१ मा यस गाउँपालिकाको स्वीकृत बजेट कार्यक्रम अनुसार पोषणमैत्री स्थानीय तह घोषणाका लागि विशेष अनुदान कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले सोका लागि प्रतिस्पर्धाबाट योग्यता क्रम निर्धारण गरी सेवा प्रदायक संस्थाको छनोट गर्नुपर्ने भएकोले इच्छुक सेवा प्रदायक संस्था/गैरसरकारी संस्था/फर्मबाट उक्त कार्यक्रम सञ्चालन गर्नका लागि रीतपूर्वक प्रस्ताव आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

सर्तहरू :

१. प्रस्ताव आह्वानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र कार्य क्षेत्रगत सर्त TOR प्राप्त गर्न सकिनेछ र १६औँ दिनको १२.०० बजेभित्र यस गाउँपालिकामा सिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र यसरी दर्ता भएका प्रस्तावहरू सोही दिनको २.०० बजेदेखि कार्यालय प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ।
२. प्रस्ताव दर्ता गर्ने र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन दर्ता वा खोल्ने कार्य गरिनेछ।
३. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ।
४. फर्म खरिदका लागि राजस्व शाखाबाट रु. ३,०००।– (तीन हजार पछि फिर्ता नहुने गरी) को नगदी रसिद वा यस कार्यालयको नाममा रहेको सानिमा बैंक लिमिटेड सान्नी त्रिवेणी शाखामा रहेको आन्तरिक राजस्व खाताको खाता नं. ०७३०१००४००००००३ मा रकम जम्मा भएको सक्कल भौचर पेस गरी खरिद गर्न सकिनेछ। फर्म डाउनलोड गरी पेस गरेमा सिलबन्दी प्रस्ताव भित्रै रु. ३,०००।– को नगदी रसिद वा बैंक भौचर अनिवार्य पेस गर्नुपर्नेछ।
५. TOR अनुसारका सर्तको पालना नभएको र रीत नपुगी पेस हुन आएका प्रस्तावहरूलाई मान्यता दिइनेछैन।
६. कार्यगत सर्त TORहरू यस गाउँपालिकाको वेबसाइट : www.sannitrivenimun.gov.np वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**(नोटः थप जानकारीका लागि यस गाउँपालिकाका सूचना अधिकारी श्री राम प्रसाद संज्याल सम्पर्क नं ९८४८३७७०७७ मा गर्न सकिनेछ।)**

**प्रमुख प्रशासकीय अधिकृत**

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा ललितपुर जिल्ला, लेले–८ बस्ने रुद्र बहादुर खड्काले मेरा नाउँमा सर्भे नापनक्सा भएको ललितपुर जिल्ला, लेले गा.वि.स. अन्तर्गतको तपसिलको जग्गाको ज.ध. म निवेदक भएको उक्त जग्गा दर्ता बाँकी रहेकोले मेरो एकलौटी नाउँमा दर्ता स्रेस्ता अद्यावधिक गरिपाऊँ भनी माग निवेदन गरेको देखिँदा उल्लिखित कित्ता जग्गा दर्ता गर्न यी निवेदक बाहेक अन्य हकदार छन्, छैनन् ? उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन, निवेदकको माग बमोजिम दर्ता गरिदिँदा अन्य कसैको हकभोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ताका लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजका नाउँमा दर्ता हुनुनपर्ने कुनै मनासिब कारण भए सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम भई निवेदकका नाउँमा दर्ता नामसारी भइजानेछ र यस विषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **निम्न**

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|
| लेले | ८क | २१ | ०–१४–०–० | रुद्र बहादुर खड्का लेले वडा नं. ८ गैरी गाउँ | यो जग्गा मेरो नम्बरी दर्ता हो। | यो कित्ता जग्गा छोरा रुद्र बहादुरले आफ्नो नम्बरी भनी भुलले लेखाए छ दाजु झपट बहादुरको दर्ता भई अंशमा पाई छोरा रुद्र बहादुरलाई अंश दिएको नामसारी गर्न बाँकी भनी सही गर्ने चित्र बहादुर खड्का |
| ऐ. | ऐ. | २४ | २–६–०–० | ऐ. | ऐ. | ऐ. |

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, दोलखा, चरिकोट**
**जग्गा अधिग्रहण सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मिति : २०८०।१२।१९

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीका रूपमा स्थापना भएको तामाकोशी जलविद्युत कम्पनी लिमिटेड अन्तर्गत तामाकोशी पाँचौँ जलविद्युत आयोजनाको २२० के.भी. प्रसारण लाइनको टावर निर्माण हुने क्षेत्रमा स्थायी रूपमा अधिग्रहण गरी लिइने दोलखा जिल्ला विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक गा.वि.स. वडा नं. ७ र ९ का जग्गाहरू जग्गा प्राप्ति ऐन २०३४ बमोजिम प्राप्त गर्नुपर्ने भएकोले जग्गा प्राप्ति ऐन २०३४ को दफा ९ को उपदफा १ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सोही ऐनको दफा १० बमोजिम यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सरोकारवाला व्यक्तिले घर टहरा रुख तथा बालीनाली भए सो समेतको क्षतिपूर्ति दाबी गर्न आ–आफ्नो हकदैया वा भोगचलन सम्बन्धी सबुद निस्साको प्रमाण सहित निवेदन दिनुहोला। तोकिएको म्यादभित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम हुनेछ र पछि कुनै उजुरबाजुर लाग्नेछैन।

**जग्गाहरूको विवरण**

| सि.नं. | जग्गा रहेको ठेगाना | कि.नं. | साबिक जम्मा क्षेत्रफल: जम्मा जग्गाको क्षेत्रफल वर्ग मिटर | रोपनी | आना | पैसा | दाम | प्राप्त गरिने क्षेत्रफल: क्षेत्रफल वर्ग मिटर | रोपनी | आना | पैसा | दाम | जग्गाधनीको नाम,थर | किसिम | जग्गा धनिको ठेगाना | बाबु वा पतिको नाम | बाजे वा ससुराको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | ३१० | ७,७९०.०० | १५ | ४ | ३ | ३.९८ | १३५ | ० | ४ | ० | ३.९३ | शुक मान तामाङ | चाहार/खेत | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | पासाङ | गडुल ध्वज | AP1 |
| २ | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | ३११ | १,७५०.०० | ३ | ७ | ० | ०.६१ | ४९५ | ० | १५ | २ | १.०९ | छैसाङ तामाङ | चाहार/खेत | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | बुध सिं | गडुल | AP1 |
| ३ | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | ३४५ | ७,९३०.०० | १५ | ३ | १ | २.४३ | ६२५ | १ | ३ | २ | २.५० | शम्बा तामाङ्ग, | सिम/खेत | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | भक्त बहादुर | गडुल ध्वज | AP3 |
| ४ | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | ५५८ | २,३८०.०० | ४ | १० | ३ | १.६३ | ३७३ | ० | ११ | २ | ३.७० | भिम बहादुर कटुवाल | चाहार/खेत | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | पूर्ण बहादुर | मान बहादुर | AP5 |
| ५ | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | ३३५ | ५,४९०.०० | १० | १२ | २ | २.६१ | २५० | ० | ७ | ३ | १.८० | ईन्द्र बहादुर श्रेष्ठ र कालु राम श्रेष्ठ | खेत/सिम | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | जगत बहादुर | बाल बहादुर | AP16 |
| ६ | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | १००५ | १८,२२५.०० | ३५ | १३ | ० | २.९५ | ३७५ | ० | ११ | ३ | ०.७० | भक्त बहादुर तामाङ | खेत/सिम | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | गडुल ध्वज | धन मान | AP16 |
| ७ | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | ३३१ | ३,७७०.०० | ७ | ६ | २ | १.०९ | ३०० | ० | ९ | १ | २.९६ | अरुण तामाङ | खेत/सिम | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | भिम बहादुर | सिंग बहादुर | AP17 |
| ८ | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | ३३२ | २,७४०.०० | ५ | ६ | ० | २.७९ | ३२५ | ० | १० | ० | ३.५४ | कर्ण बहादुर तामाङ | खेत/सिम | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ९ | महाविर | कृष्ण | AP17 |
| ९ | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ७ | ८६६ | २,०९०.०० | ४ | १ | २ | ३.७० | १८३ | ० | ५ | ३ | ०.०९ | पदम बहादुर खत्री | सिम/पाखो | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ७ | नर बहादुर | अम्बर ध्वज | AP18 |
| १० | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ७ | ८८४ | १,६००.०० | ३ | २ | १ | १.१३ | २२८ | ० | ७ | ० | २.७३ | पुरुषोतम के.सी. | चाहार/खेत | विगु गाउँपालिका वडा नं. ४ साबिक लादुक ७ | डम्बर बहादुर | नर बहादुर | AP18 |
| | जम्मा | | ५३,७६५.०० | १०५ | ४ | ३ | २.९२ | ३,२८९ | ६ | ७ | १ | ३.०४ | | | | | | |

# पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम संचालनका लागी क्षेत्रगत शर्त

**Terms of Refernce (TOR)**

आ. ब. २०८०/८१

सान्नी त्रिवेणी गाउँपालिका
मेहलमुडी,कालीकोट
कर्णाली प्रदेश,नेपाल

सान्नी त्रिवेणी गाउँपालिका
मेहलमुडी,कालीकोट

पोषणमैत्री स्थानीय शासनको प्रर्बद्धन मार्फत पोषण बिशेष पोषण संवेदनशील र समर्थ बनाउने वाताबरण सम्बन्धी कार्यक्रमहरुको बिस्तार गरी पोषण सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी महिला किशोरी तथा बालबालिकाको पोषणको अबस्थामा सुधार ल्याउन र पोषण सेवाको सुनिश्चतता र दिगोपना कायम गर्न पोषणमैत्री स्थानीय तह घोषणाका लागी बहुक्षेत्रीय पोषण सेवा बिस्तार बिशेष अनुदान कार्यक्रम संचालन गर्न इच्छुक ब्यबसाय बिकास सेवा प्रदायक संस्था छनौट गर्ने प्रस्ताव आब्हानको लागी तयार गरिएको कार्य क्षेत्रगत शर्त

## Terms of Refernce (TOR)

### १. व्यवसाय विकास सेवा प्रदायक संस्थाले गर्नुपर्ने कामको पृष्ठभूमीः

सान्नी त्रिवेणी गाउँपालिकाबाट तयार गरिएको पोषणमैत्री स्थानीय तह घोषणाका लागी राष्ट्रिय योजना आयोगबाट विशेष अनुदान कार्यविधिमा ब्यवस्था भए बमोजिम प्रस्तावित क्रियाकलापहरु स्वीकृत बजेटको परिधी भित्र रही सो क्रियाकलापहरुको उद्देश्य र कार्यान्वयन प्रक्रियाको बारेमा जानकारी प्राप्त गरी यस गाउँपालिकाको बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम कार्यान्वयन निर्देशिका,पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यबिधि अनुसार स्थानीय तहमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि पोषणमैत्री स्थानीय तह घोषणाका लागी बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रमका सबै प्रक्रिया चरणबद्ध तरवले संचालन गर्ने अनुभवी योग्य ब्यवसायिक बिकास सेवा प्रदायक संस्था,गैर सरकारी संस्था,फर्म वा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सम्बन्धित निकायमा रितपूर्ब दर्ता भएको कम्पनी मध्येबाट छनौट गरी कार्यक्रम संचालन गर्न यो कार्य क्षेत्रगत शर्त (TOR) तयार गरिएको छ।

चालु आ.व .मा २०८०/०८१ मा सान्नी त्रिवेणी गाउँपालिका अन्तर्गत कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरु मध्येबाट सार्बजनिक खरिद ऐन, र नियमावली बमोजिम संस्थाहरुबाट प्राबिधिक तथा आर्थिक प्रस्ताव आब्हान गरी प्रतिस्पर्धात्मक रुपमा सेवा प्रदायक संस्था छनौट गरिनेछ। यसरी छनौट भएका ब्यवसाय बिकास सेवा प्रदायक संस्थासंग गाउँ कार्यपालिकाको कार्यालयबाट नियमानुसारको सम्झौता गरी कार्यक्रम संचालन हुनेछ।

### २. बहुक्षेत्रीय पोषण सेवा बिस्तार बिशेष अनुदान कार्यक्रमको उद्देश्यः

स्थानीय तहका सबै क्षेत्र र निकायहरुको नीति संरचना प्रणाली र कार्य संचालन प्रकियामा पोषणका सवालहरुको मुलप्रवाहीकरण गर्ने। पोषण संवेदनशील सेवाहरुको पँहुच र उपभोग बढाई स्वस्थ बानी ब्यवहारमा सुधार ल्याउने। पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकिकृत रुपमा कार्यान्वयन गरी महिला बालबालिका तथा किशोरीहरुको स्वास्थ्य तथा पोषणको अबस्थामा सुधार ल्याउने।पोषणका सवालहरुलाई स्थानीय तहको शासन पद्धतिसंग आबद्ध गरी पोषणका सम्बन्धमा भएका स्थानीय राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई ब्यवहारमा उतार्ने यो कार्यक्रमको मुल उद्देश्य रहेको छ ।

### ३. कार्यक्रम लागु हुने क्षेत्रः

यो कार्यक्रम चालु आ.व .मा २०८०/०८१ मा सान्नी त्रिवेणी गाउँपालिका अन्तर्गतका ९ वटै वडाका ५ वटा नमुना टोलमा लागु हुनेछ। यस सान्नी त्रिवेणी गाउँपालिकाको समन्वयमा पोषणमैत्री स्थानीय तह घोषणाका लागी बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम तपशिलका बिषयगत क्षेत्रमा लागु गरिने छन।

तपशिलः

१.स्वास्थ्य
२.शिक्षा
३.महिला तथा बालबालिका
४.खानेपानी तथा सरसफाई
५.पशु सेवा
६.कृषि बिकास
७.सुशासन

**४. छनौट भएका संस्थाहरुले गर्नुपर्ने कार्यहरुः**

छनौट भएका संस्थाहरुले गाउँपालिका संग समन्वय गरी तपशिलका कार्यक्रमहरुमा सहजिकरण गर्नु पर्नेछ।

**क्रियाकलाप नं. १:** मेरो बाबालाई चिठी प्रिन्ट तथा बितरण

**परिचयः**
बहुक्षेत्रीय पोषण कार्यक्रम महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि सञ्चालित एउटा महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिलाहरुलाई गर्भवती महिलाको गर्भमा रहेको बालकले आफ्नो बाबालाई गर्भवती अवस्थामा आमालाई पोषिलो खाना ६ महिना सम्म पूर्ण स्तनपान समयमै ठोस आहारको सुरुवात नियमित बृद्धि अनुगमन समयमै खोप लगाउने जस्ता बिषय बस्तुहरुलाई समेटेर सुनौला १००० दिनमा अविभावकले गर्ने जिम्मेवारी बोध गराई आमा तथा बालबालिकाको पोषण स्थितीमा सुधार ल्याउन क्रियाकलापहरु कार्यान्वयन गरिने छ । यो क्रियाकलाप सान्नी त्रिवेणी गाउँपालिकाको तोकिएका वडाहरु तथा लक्षित समुहमा चालु आ. व. २०८०।८१ मा संचालन हुनेछ ।

**उद्देश्यः**
- पालिकामा रहेका सबै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थाबाट आवश्यक परामर्श सहित बितरण गरिने छ ।
- गर्भवती महिला र बालबालिकाको पोषण स्थितीमा सुधार हुनेछ ।
- अविभावकलाई सुनौलो १००० दिनको महत्वबारे जानकारी भएको हुनेछ ।

**उपेक्षित प्रतिफलः**
सुनौला हजार दिनका आमा तथा गर्भवती महिलाको स्वास्थ्य संस्थामा नियमित जाँचको दरमा बृद्धि हुनेछ । र गर्भवती सुत्केरी र दुध खुवाउने आमाहरुको पोषण स्थितीमा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः**
सान्नी त्रिवेणी गाउपालिका स्वास्थ्य शाखा ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं. २ :** हजार दिनका आमाहरुलाई जीवनका लागी महत्वपूर्ण अवसर मनाउने कार्यक्रम

परिचयः
आमा गर्भवती भएको दिनदेखि बच्चाको उमेर २ वर्षको हुँदा सम्मको उमेरलाई सुनौलो १००० दिन भनिन्छ। गर्भको अवधि २७० दिन र जन्मपश्चात २ वर्षको उमेर ७३० दिन गरी जम्मा १००० दिनलाई सुनौलो १००० दिन भनिन्छ। बच्चाको मानसिक विकास २ वर्षको उमेरसम्म ८० प्रतिशतले विकास हुने हुँदा गर्भ रहेदेखि बच्चाको उमेर २ वर्षभित्र आमा र बच्चा दुवैलाई अत्यन्तै स्याहार गर्नुपर्ने हुन्छ। जसमा गर्भमा ५० प्रतिशतले र जन्मपश्चात २ वर्षभित्र ३० प्रतिशत गरि २ वर्षभित्र ८० प्रतिशतले बच्चाको मानसिक विकास हुन्छ। त्यसै कारणले यो समय अवधिमा आमाहरुको खानपानसम्बन्धी ध्यान दिनुपर्दछ। यस बेलामा हरेक बार खाना ४ भन्ने नारालाई आत्मसाथ गर्दै आमाको खानपानमा विशेष जोड दिने उद्देश्यले यो क्रियाकलापको संचालनमा ल्याएको हो।

उद्देश्यः
- स्थानिय स्तरमा दिवस मनाउन ।
- रैथाने बालीको उत्पादनको महत्वबारे जानकारी गराउने ।
- स्थानिय स्तरमा उपलब्ध खाध्य बालीबाट पाईने पोषक तत्व बारे जानकार बनाउने।

उपेक्षित प्रतिफलः
स्थानिय स्तरमा पाईने अन्न बालीहरुको बढी प्रयोग भई बजारिया खाध्य बस्तुको प्रयोगमा कमी आउने छ ।

**सञ्चालन प्रकृयाः** सान्नी त्रिवेणी गाउपालिकाको १० वटा स्वास्थ्य संस्थाबाट १ पटक संचालन हुनेछ ।
पोषण सहजकर्ता, स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन र सहजीकरणमा गरिने छ ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

| **क्रियाकलाप नं. ३ :** पोषिलो जाउलो प्रदर्शनी कार्यक्रम |
| --- |
| **परिचयः**<br>बहुक्षेत्रीय पोषण कार्यक्रम महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि सञ्चालित एउटा महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिलाहरुको सहभागितामा क्रियाकलापहरुको कार्यान्वयन गरिन्छ । स्थानीय तहका विभिन्न शाखाहरु मार्फत समुदायमा रहेको कुपोषणको व्यवस्थापन गरी पोषण अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने मान्यताले पोषणको सम्बन्धी अभियान सञ्चालन गर्न जरुरी छ । यो क्रियाकलाप सान्नी त्रिवेणी गाउपालिकाको तोकिएका वडाहरुमा चालु आ. व. २०८०।८१ मा सन्चालन हुनेछ । |
| उद्देश्यः<br>पोषिलो परिकार प्रदर्शनी क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।<br>• स्थानिय स्तरमा पाईने खाध्य बस्तुको परिकार बनाउन सक्षम बनाउने ।<br>• रैथाने बालीको उत्पादनको महत्वबारे जानकारी गराउने ।<br>• स्थानिय स्तरमा उपलब्ध खाध्य बालीबाट पाईने पोषक तत्व बारे जानकार बनाउने। |
| उपेक्षित प्रतिफलः<br>स्थानिय स्तरमा पाईने अन्न बालीहरुको बढी प्रयोग भई बजारिया खाध्य बस्तुको प्रयोगमा कमी आउने छ । |
| कार्यान्वयन गर्ने निकायः<br>सान्नी त्रिवेणी गाउपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु |
| **सञ्चालन प्रकृयाः** सान्नी त्रिवेणी गाउपालिकाको २ वटा स्वास्थ्य संस्थाबाट १ पटक संचालन हुनेछ ।<br>पोषण सहजकर्ता, स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन र सहजीकरणमा गरिने छ । |
| **बजेट बाडफाँडः**<br>क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ । |

| **क्रियाकलाप नं. ४ :** आमा समुहमा बैंठक स्वास्थ्य घरयासी खाद्यान्न उत्पादन पुर्ण सरसफाई तथा पोषणको महत्व सम्बन्धि छलफल कार्यक्रम |
| --- |
| **परिचयः**<br>बहुक्षेत्रीय पोषण कार्यक्रम महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि सञ्चालित एउटा महत्वपूर्ण कार्यक्रम हो।यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिला बालबालिका र किशोरीहरुको पोषणको सुधारको लागि बिभिन्न क्षेत्रगत क्रियाकलापहरुको कार्यान्वयन गरिन्छ।स्थानीय तहका विभिन्न शाखाहरु मार्फत समुदायमा रहेको कुपोषणको व्यवस्थापन गरी पोषण अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने मान्यताले पोषण सम्बन्धी अभियान सञ्चालन गर्न जरुरी छ । सिमित श्रोत साधन र बजेटको संकुचनका कारण समुदायमा रहेका सुनौला हजार दिनका सबै घरपरिवारहरुलाई सेवा प्रवाह र अनुदान प्रदान गर्न नसकिने भएको हुदाँ पिछडिएको क्षेत्र बर्ग र समुदाय छनौट गरी सो समुदायमा रहेका सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीहरुको समुह गठन गरी पोषण सम्बन्धी गतिविधी सञ्चालन गर्नु नै यो क्रियाकलापको मुख्य उद्देश्य हो । यो क्रियाकलाप सान्नी त्रिवेणी गाउपालिकाको तोकिएका वडाहरुमा चालु आ. व.२०८०।८१मा संचालन हुनेछ । |
| उद्देश्यः<br>• छनौट भएका वडा तथा बस्तीहरुमा सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको छलफल गर्ने ।<br>• सो समुह मार्फत पोषण मैत्री टोल तथा वडा घोषणा अभियान सञ्चालन गर्ने ।<br>• कुपोषण व्यवस्थापनमा संलग्न व्यक्ति, परिवार, समुदाय र सरोकारवालाहरुको पोषण सम्बन्धी ज्ञान तथा सीप अभिबृद्धि गरी क्षमता विकास गर्ने । |
| **उपेक्षित प्रतिफलः** कृषि जैविक विविधताको संरक्षण, सबद्धन र सदुपयोग, जलवायु परिवर्तन अनुकुलन प्रविधिको विकास र विस्तार गरी खाद्य वस्तुको उपलब्धता उपयोगमा स्थिरता र प्रवद्र्धन कायम गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने, रैथाने खाद्यवालीको संरक्षण र प्रचारप्रसार गर्दे समुदायको पोषण अवस्था सुधारका लागि खानपानको बानी ब्यवहारमा सुधार ल्याउने, खाद्य तथा पोषण स्थिति एवं खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणाली विकास तथा संस्थागत हुने। |
| **कार्यान्वयन गर्ने निकायः**<br>सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा बिषयगत शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट । |
| **सञ्चालन प्रकृयाः**<br>• कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको बिषयगत शाखा प्रमुखको नेतृत्वमा स्थलगत छलफलमा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको म्यानुअल तयार पार्ने र कार्यक्रम संचालन गर्ने।<br>• बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक संकलन गर्ने। |
| **बजेट बाडफाँडः**<br>क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ । |

**क्रियाकलाप नं. ५ :** आमा समूहमा गुणस्तरिय स्वास्थ्यका लागि आफ्नै पहल कार्यक्रम

**परिचयः**

गुणस्तरीय स्वास्थ्यका लागी आमा समुहको बैंठकलाई निरंतरता दिने,सम्पुर्ण प्रजनन योग्य आमाहरुको उच्च सहभागीताको यकिन गर्ने,नसमेटिएका प्रजनन उमेर समुहका ब्यक्तिलाई समावेशीकरण गर्दै सेवा उपयोगितामा वृद्धि गर्न स्थानीय सरकारको पुर्ण सहयोगको लागी साथ ,बिधि प्रक्रिया ,तथा साथको फाइदा र महत्त्व बारे गाउँपालिका प्रमुख ,वडा अध्यक्ष ,स्वास्थ्य संयोजक ,स्वास्थ्य संस्थाका इन्चार्ज ,र नर्सिङ स्टाफ लगायत सम्पुर्ण महिला स्वास्थ्य स्वयंसेविका हरुको साथ बिधि कार्यान्वयनमा साझा बुझाइका साथ प्रभावकारी कार्यान्वयन गर्ने उद्धेश्य रहेको छ।

**उद्देश्यः**

- छनौट भएका वडा तथा बस्तीहरुमा सुनौलो हजार दिनका आमा तथा किशोरीहरु र सरोकारवाला बिच छलफल गर्ने ।
- पोषण मैत्री टोल तथा वडा घोषणा अभियान सञ्चालन गर्ने ।
- कुपोषण व्यवस्थापनमा संलग्न व्यक्ति, परिवार, समुदाय र सरोकारवालाहरुको पोषण सम्बन्धी ज्ञान तथा सीप अभिबृद्धि गरी क्षमता विकास गर्ने ।
- गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुर्याउने।

**उपेक्षित प्रतिफलः**

- स्वयंसेविका तथा स्वास्थ्य कर्मीहरुलाई काम गर्न सहज हुने ।
- समाजमा रहेर काम गर्दा देखिएका समस्याहरुको समाधान हुने।
- पोषण सेवाको सुनिश्चतता र दिगोपना कायम हुने।

**कार्यान्वयन गर्ने निकायः**

सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा स्वास्थ्य शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको स्वास्थ्य शाखा प्रमुखको नेतृत्वमा स्थलगत छलफलमा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको म्यानुअल तयार पार्ने र कार्यक्रम संचालन गर्ने।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक संकलन गर्ने।

**बजेट बाडफाँडः**

क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं. ६:** वडा स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिका पदाधिकारीलाई पोषण उन्मुख नमूना बस्तिको अवधारणा सम्बन्धमा अभिमुखीकरण

**परिचयः**

सुनौला हजार दिनको घरपरिवारमा नियमित रुपमा स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराई पानी जन्य रोगहरुबाट बचाई पोषणको अवस्था सुधार गर्न जरुरी छ । नियमित रुपमा प्रयोग हुदै आईरहेको खानेपानी सुरक्षित भए नभएको एकिन गरी पानी शुद्धिकरण बिधीहरुबारे समितीलाई जानकारी गराई व्यक्तिगत सरसफाई चर्पिको प्रयोग भई व्यबहार परिबर्तन गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- समितीका पदाधिकारीहरु सुरक्षित खानेपानी सरसफाई र स्वच्छताबारे जानकार भई समुदायमा सुरक्षित खानेपानी उपलब्ध गराउन सहयोग पुग्नेछ।
- सुरक्षित खानेपानीको प्रयोगले पानी जन्यरोगहरुको दरमा कमी आउने छ ।
- समुदायले सफा र सुरक्षित खानेपानी प्रयोग गरेको हुने छ ।
- पोषण संगै सरसफाई प्रबर्धन भएको हुनेछ ।

**उपेक्षित प्रतिफलः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा सुरक्षित खानेपानी उपलब्ध भई पोषणको अवस्था सुधार ल्याउन र समुदायमा पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत सिमान्तकृत समुदायलाई पोषण संबेदनशिल सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

कार्यान्वयन गर्ने निकायः

सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा खानेपानी तथा सरसफाई शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको खानेपानी तथा सरसफाई शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने र पठाउने ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं. ७:** वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशिका समितिका पदाधिकारीहरुलाई पोषण उन्मुख नमूना बस्तिको अवधारणा सम्बन्धमा अभिमुखीकरण

परिचयः

गाउँपालिकामा रहेको वडास्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई लक्षित गरी मानव पूँजी निर्माणार्थ सहयोग गरी सक्रिय र स्वस्थ नागरिक बनाउने उद्देश्य रहेको छ। यस कार्यक्रमबाट सहभागीहरुलाई पोषण र कुपोषण, पोषणको महत्व, कुपोषण रोकथाम तथा नियन्त्रणका लागि जिम्मेवार निकायहरु,कुपोषणको अवस्था, गाउँपालिकाका बालबालिका तथा प्रजनन् उमेरका महिलाहरुको खानपिन शैली, पोषणमा लगानी किन, बहुक्षेत्रीय पोषण कार्यक्रम र यसको कार्यान्वियन ढाँचा लगायतका विषयमा जानकारी दिने क्रियाकलापको मुख्य उद्देश्य हो । ।

**उद्देश्यः**

- स्थानीय तहका सबै क्षेत्र र निकायहरुको नीति संरचना प्रणाली र कार्य संचालन प्रकियामा पोषणका सवालहरुको मुलप्रवाहीकरण गर्ने।
- पोषण संवेदनशील सेवाहरुको पँहुच र उपभोग बढाई स्वस्थ बानी ब्यवहारमा सुधार ल्याउने।
- पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकिकृत रुपमा कार्यान्वियन गरी महिला बालबालिका तथा किशोरीहरुको स्वास्थ्य तथा पोषणको अबस्थामा सुधार ल्याउने।
-

**उपेक्षित प्रतिफलः** समुदायलाई पोषण संबेदनशिल सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

कार्यान्वयन गर्ने निकायः
सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा बिषयगत शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशिका समितिका पदाधिकारीहरुलाई विषयबस्तु विधि र प्रक्रिया समेटिएको म्यानुअल तयार पार्ने ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं. ८:** पूर्ण सरसफाई सम्बन्धी अनुगमन चेक लिष्ट फलेक्स प्रिन्ट छपाई तथा घर-घरमा झुण्ड्याई नियमित अनुगमन तथा परामर्श

**परिचयः**

देशमा जसरी खुला दिसामुक्त घोषणा अभियान सञ्चालन गर्दा देश नै सरसफाइमय भएको थियो, अहिले त्यो अवस्था छैन । खुला दिसामुक्त घोषणा भईसकेपछि पूर्ण सरसफाइ सम्बन्धी क्रियाकलाप सञ्चालन गर्नुपर्ने भएपनि अहिले त्यो भईरहेको छैन । जिल्लाका एक दुई वटा गाउँपालिकाको वडा वा टोलमा मात्र पूर्ण सरसफाइ अभियान सीमित भईरहेको छ । एकैपटक पूर्ण सरसफाइको अवस्था हासिल गर्न असम्भव छ । त्यसैले पूर्ण सरसफाइ अभियानलाई दुई चरणमा विभाजन गरी कार्यान्वयन गरिनेछ ।

पहिलो चरण सफा र स्वच्छ चरण हो भने दोस्रो पूर्ण सरसफाइ उन्मुख चरण हो । यी दुबै चरणका क्रियाकलापहरु सञ्चालन भई आवश्यक सूचकहरु पुरा भएको अवस्थामा उक्त क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र भनिनेछ ।

पूर्ण सरसफाइ मार्गदर्शन २०७३ अनुसार कुनै पनि क्षेत्रमा पूर्ण सरसफाइका क्रियाकलापहरु संचालन गर्दा सरोकारवालाहरुको बीचमा छलफल र स्थानीय आवश्यकतामा आधारित खानेपानी, सरससफाइ र स्ब्च्छताका क्रियाकलापहरु समावेश गरी आ आफ्नो क्षेत्रको खानेपानी, सरससफाइ र स्वच्छता योजना (WASH Plan ) तर्जुमा गरिने छ ।

कुनै पनि क्षेत्रमा WASH Plan को एउटा मुख्य अंगका रुपमा पूर्ण सरसफाइ कार्यक्रम हुनेछ । तर WASH Plan ले उक्त कार्यक्रमका अतिरिक्त खानेपानी र स्वच्छताका व्यापक क्रियाकलापहरु पनि समेट्नेछ । पूर्ण सरसफाइ कार्यक्रम संचालन गर्नु अघि नै उक्त क्षेत्रमा आधारभूत स्तरको खानेपानीको पहुँच भएको हुनु पर्नेछ । यसरी तयार गरिने WASH Plan को एउटा मुख्य उद्देश्य सम्बन्धित क्षेत्रलाई एउटा निश्चित समय सीमाभित्र पूर्ण सरसफाइ उन्मुख क्षेत्रको रुपमा स्थापित गर्ने हुनेछ ।

सुनौला हजार दिनको घरपरिवारमा नियमित रुपमा स्वच्छ र सुरक्षित खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतना जोगाई पानी जन्य रोगहरुबाट बचाई पोषणको अवस्था सुधार गर्न जरुरी छ।नियमित रुपमा प्रयोग हुदै आईरहेको खानेपानी सुरक्षित भए नभएको एकिन गरी पानी शुद्धिकरण बिधीहरुबारे समुदायलाई प्रचार प्रसारको माध्यामबाट जनचेतना अभिबृद्धि तथा जानकारी गराई व्यक्तिगत सरसफाई चर्पिको प्रयोग भई व्यबहार परिबर्तन गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- सुरक्षित खानेपानी सरसफाई र स्वच्छताबारे फलेक्स प्रिन्ट मार्फत जानकारी उपलब्ध गराउन सहयोग पुग्नेछ।
- सुरक्षित खानेपानीको प्रयोगले पानी जन्यरोगहरुको दरमा कमी आउने छ ।
- समुदायले सफा र सुरक्षित खानेपानी प्रयोग गरेको हुने छ ।
- पोषण संगै सरसफाई प्रबर्धन भएको हुनेछ ।

**उपेक्षित प्रतिफलः**

- मावन मलमुत्रको सुरक्षित बिर्सजनका लागी सेवा र सुबिधाहरुको ब्यवस्थापन भएको हुनेछ।
- आफु र वरिपरीको वातावरण सफा भई रोगको बिस्तार राकिएको हुनेछ।
- सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा पोषणको अवस्था सुधार ल्याउन र समुदायमा पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत समुदायलाई पोषण संबेदनशिल सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

कार्यान्वयन गर्ने निकायः

सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा खानेपानी तथा सरसफाई शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको खानेपानी तथा सरसफाई शाखा प्रमुखको नेतृत्वमा स्थलगत अनुगमन गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको चेक लिष्ट म्यानुअल तयार पार्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने र पठाउने ।

**बजेट बाडफाँडः**

क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं.९:** आमा समूहका सदस्यहरुलाई चाङ्, जुठ्यान निर्माण सहयोग

परिचयः

पूर्ण सरसफाइको राष्ट्रिय अभियान सफल बनाउन नागरिकस्तरबाट गाउँ टोलमा सक्रियता बढाई घरघरमा सफा शौचालय, छुट्टै हात धुने स्थान, धाराको वरिपरि प्लेट फर्म बनाइ फोहर पानी बग्ने ठाउँ, भाडा धुने जुठेलो सुकाउन च्याङ बनाउन आबश्यक छ। पशुपक्षीको गोठ घरदेखि छुट्टै बनाएको, कुहिने र नकुहिने वस्तुलाई अलग–अलग वर्गीकरण गरेर डस्टबिनमा व्यवस्थापन गर्नेलगायतका पाँच प्लस एक सूचक तयार गरे गाउँलाई सफा तथा सुन्दर बनाउन स्थानीयवासी एकजुट हुनु पर्दछ।

दिगो विकास लक्ष्यको आधारमा नेपाल सरकारले सन् २०३० सम्ममा नेपाललाई पूर्ण सरसफाइयुक्त देश बनाउने अभियानलाई सफल बनाउन यस गाउँपालिकाका नागरिक, स्थानीय सरकार, सङ्घसंस्थाले सक्रियता देखाउन आबश्यक छ।

सरसफाइ नभएकै कारण विगतमा विभिन्न रोग लाग्ने गरेकामा हिजोआज सरसफाइमा ध्यान दिन थालेपछि फोहरबाट लाग्ने रोगमा कमी आई रहेको छ । फोहर पानीबाट लाग्ने झाडापाखाला लगायतका रोग गाउँमा देखिएको छैन । पूरै गाउँका बासिन्दाको स्वस्थ्य अवस्था सुधारोन्मुख भएको भएता पनि पूर्ण सरसफाइको राष्ट्रिय अभियान सफल बनाउन नागरिक सरसफाइ अभियानमा लाग्नका लागी यो क्रियाकलाप संचालनमा ल्याएको छ।

**उद्देश्यः**

- ✓ जुठेलो निर्माण तथा ब्यबस्थापन गर्ने।
- ✓ सरसफाईका माध्यमबाट वाताबरण स्वच्छ राख्ने।
- ✓ कूपोषित हुने सम्भावना न्युन गर्ने।
- ✓ आर्थिक व्यय, मानसिक र पारिवारिक क्षति, न्युन गर्ने।

**उपेक्षित प्रतिफलः**

- ✓ संक्रामक रोगबाट बच्न सकिने।
- ✓ जलवायु परिवर्तन न्युन गर्न सहयोग पुगेको हुने।
- ✓ पूर्ण सरसफाई अभियान सुरु गर्ने लक्ष्य हासिल भएको हुनेछ।
- ✓ साँस्कृतिक तथा व्यवहारीक परिबर्तन आएको हुनेछ।
- ✓ वातावरणीय सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

कार्यान्वयन गर्ने निकायः
सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा खानेपानी तथा सरसफाई शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको खानेपानी तथा सरसफाई शाखा प्रमुखको नेतृत्वमा आमा समुहमा जनचेतना अभिबृद्धि गरी प्रक्रिया अनुसार सामाग्री खरिद गरी बितरण गर्ने।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका आमा समुहहरुको घरपरिवारको तथ्याँक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने र पठाउने ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**कार्यान्वयन गर्ने निकायः**
स्थानीय तहको खानेपानी तथा सरसफाई शाखाले यस कार्यक्रम सँग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन गाउँपालिकामा पठाउनु पर्नेछ।

**क्रियाकलाप नं.१०:** आइरन फोलिक एसिड चक्की सम्बन्धित विद्यालय स्तरिय कार्यक्रम

परिचयः

विश्व स्वास्थ्य सङ्गठनले १० देखि १९ वर्षको उमेरलाई किशोरावस्था मानेको हुँदा यो समयमा शारिरीक वृद्धि विकासको दर उच्च हुने भएकाले पोषणलाई महत्व दिनुपर्ने आवश्यकता पर्दछ । मानव शरिरमा हुने राता रक्तकोषिका (आरबिसी)को विभिन्न तन्तुहरुसम्म अक्सिजन पुर्याउने क्षमतामा कमी आउनुलाई रक्तअल्पता भनिन्छ । आइरन तथा पोषिलो खाना कम खानु, जुकाको संक्रमण तथा अन्य रोगहरु र किशोरावस्थामा गर्भवती हुने कारणले रक्तअल्पता हुन्छ । रक्तअल्पता हुनबाट बच्नका लागि हरियो सागपातका साथै भिटामिन–सीयुक्त खानेकुरा, फलफुल तथा पशुजन्य उत्पादनको उपभोगमा जोड दिनुपर्ने हुन्छ । हामीले दैनिक खाने खानामा पनि सन्तुलित भोजन तथा विविधिकरण गर्नुपर्ने आवश्यक हुन्छ ।

विद्यालय जाने किशोरीहरुलाई विद्यालयमा, विद्यालयभन्दा बाहिर रहेका किशोरीहरुलाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य चौकी मार्फत आइरन चक्की बितरण गरिदै आएको छ। किशोरीहरुमा हुने रक्त अल्पताको रोकथाम गर्ने उद्देश्य सहित एक आर्थिक वर्षको पहिलो चरणअन्तर्गत साउन–भदौ र असोज तथा माघ–फागुन र चैत गरी दुई चरणको ६ महिनाको अवधिमा २६ हप्तासम्म आइरन चक्की खुवाउनु पर्दछ।त्यसैले विद्यालय जाने किशोरीहरुलाई विद्यालयस्तरमा संचेतनाका कार्यक्रम संचालन गरी जिम्मेवारी बोध गराई किशोरीहरुको पोषण स्थितीमा सुधार ल्याउन यो क्रियाकलाप कार्यान्वयन गरिने छ । यो क्रियाकलाप सान्नी त्रिवेणी गाउउँ पालिकाको तोकिएका बिद्यालयमा चालु आ. व. २०८०।८१ मा संचालन हुनेछ ।

उद्देश्यः

- किशोरीहरुलाई आइरन चक्की खुवाउने कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयमा ल्याउने।
- किशोरीहरुमा हुने रक्त अल्पताको रोकथाम गर्ने ।

**उपेक्षित प्रतिफलः** किशोरीहरुले मुलुकको संविधानले परिलक्षित गरे अनुसारको भूमिका र जिम्मेवारी बहन गर्ने छन।

कार्यान्वयन गर्ने निकायः
सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा स्वास्थ्य शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको स्वास्थ्य शाखा प्रमुखको नेतृत्वमा स्थलगत अनुगमन गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको चेक लिष्ट म्यानुअल तयार पार्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने बिद्यालयमा रहेका किशोरीहरुको तथ्याँक संकलन गर्ने ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं.११:** बालविवाह न्यूनिकरण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने

परिचयः

कानूनमा 'बिहेवारी बीसवर्ष पारी' भन्ने गरिए पनि व्यवहारमा भने यो पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन।हाम्रो देशमा महिला वा पुरुष दुवैले २० वर्ष पूरा नगरी गर्ने विवाह बालविवाह हो। यो गैर कानुनी विवाह हो। यसलाई समाजबाट जरादेखि नै हटाउन सकिएको छैन। यो सदियौँदेखिको सामाजिक मानसिकता र त्यसको अभ्यासको निरन्तरता नै छ। त्यसैले यस कार्यक्रम संचालनबाट किशोर किशोरीहरुलाई बालबिबाह सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने मुख्य उद्देश्य रहेको छ।

उद्देश्यः

- मुलुकको संविधानले परिलक्षित गरे अनुसारको भूमिका र जिम्मेवारी बहन गराउने।
- स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो भन्ने कुराको भान गराउने।
- नागरिकको हित अभिवृद्धि गर्दै जाने, ज्ञान सीप र क्षमतायुक्त तथा मूल्य मान्यतायुक्त जनशक्तिको निर्माण गर्ने,
- आफ्नो क्षेत्रको सामाजिक परिवर्तन र विकास गरी नैतिक आचरणयुक्त सभ्य, सुसंस्कृत समाजको निर्माण गर्ने,
- समाजमा थिति बसाल्ने, नियम कानुनको परिपालना गर्ने गराउने तथा सोको लागि सहजीकरण गर्ने जिम्मेवारी बाउने।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ ग मा( ३२)"बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछूत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गराउने।
- बालविवाह नियन्त्रण गर्ने कार्यमा स्थानीय सरकारको प्रत्यक्ष भूमिका रहने हुदाँ बालविवाहमुक्त समाज निर्माणका लागि बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ लाई आधार लिई स्थानीय सरकारले आफ्नो क्षेत्रमा विद्यमान सामाजिक कुरीति, कुसंस्कार, प्रथा परम्परा, अन्धविश्वास पछौटेपनको पहिचान गरी तथ्याङ्क अद्यावधिक गर्ने।
- बालविवाहको कारण पत्ता लगाई रोकथामका कार्यक्रम सञ्चालन गर्ने।

- **उपेक्षित प्रतिफलः** किशोर किशोरीहरुले मुलुकको संविधानले परिलक्षित गरे अनुसारको भूमिका र जिम्मेवारी बहन गर्ने छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ ग मा( ३२)"बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछूत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य हुनेछ।

कार्यान्वयन गर्ने निकायः

सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा महिला तथा बालबालिका शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको महिला तथा बालबालिका शाखा प्रमुखको नेतृत्वमा स्थलगत अनुगमन गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको चेक लिष्ट म्यानुअल तयार पार्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक संकलन गर्ने ।

**बजेट बाडफाँडः**

क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं.१२:** कृषक समूह गठन र घरायसी खाद्यान्न उत्पादन सम्बन्धी १ दिने तालिम र पोषिलो तरकारीको बीउ वितरण

**परिचयः**

बहुक्षेत्रीय पोषण कार्यक्रम महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि सञ्चालित एउटा महत्वपूर्ण कार्यक्रम हो।यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिला बालबालिका र किशोरीहरुको पोषणको सुधारको लागि बिभिन्न क्षेत्रगत क्रियाकलापहरुको कार्यान्वयन गरिन्छ।यो कार्यक्रम कर्णाली प्रदेशका सबै जिल्लाहरुमा कार्यान्वयनमा रहेको छ । स्थानीय तहका विभिन्न शाखाहरु मार्फत समुदायमा रहेको कुपोषणको व्यवस्थापन गरी पोषण अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने मान्यताले पोषण सम्बन्धी अभियान सञ्चालन गर्न जरुरी छ । सिमित श्रोत साधन र बजेटको संकुचनका कारण समुदायमा रहेका सुनौला हजार दिनका सबै घरपरिवारहरुलाई सेवा प्रवाह र अनुदान प्रदान गर्न नसकिने भएको हुदाँ पिछडिएको क्षेत्र बर्ग र समुदाय छनौट गरी सो समुदायमा रहेका सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीहरुको समुह गठन गरी पोषण सम्बन्धी गतिविधी सञ्चालन गर्नु नै यो क्रियाकलापको मुख्य उद्देश्य हो । यो क्रियाकलाप सान्नी त्रिवेणी गाउपालिकाको तोकिएका वडाहरुमा चालु आ. व.२०८०।८१मा संचालन हुनेछ ।

उद्देश्यः

सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- छनौट भएका वडा तथा बस्तीहरुमा सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन गर्ने ।
- सो समुह मार्फत पोषण मैत्री टोल तथा वडा घोषणा अभियान सञ्चालन गर्ने ।
- कुपोषण व्यवस्थापनमा संलग्न व्यक्ति, परिवार, समुदाय र सरोकारवालाहरुको पोषण सम्बन्धी ज्ञान तथा सीप अभिबृद्धि गरी क्षमता विकास गर्ने ।

- विपन्न आमा तथा किशोरीको समुह गठन गरी तरकारीको बिउ बितरण गर्ने।

**उपेक्षित प्रतिफलः** कृषि जैविक विविधताको संरक्षण, सबद्धन र सदुपयोग, जलवायु परिवर्तन अनुकुलन प्रविधिको विकास र विस्तार गरी खाद्य वस्तुको उपलब्धता उपयोगमा स्थिरता र प्रवद्रधन कायम गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने, रैथाने खाद्यवालीको संरक्षण र प्रचारप्रसार गर्दै समुदायको पोषण अवस्था सुधारका लागि खानपानको बानी ब्यवहारमा सुधार ल्याउने, खाद्य तथा पोषण स्थिति एवं खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्ने नियमन प्रणाली विकास तथा संस्थागत हुने।

**कार्यान्वयन गर्ने निकायः**

सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा कृषि बिकास शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको कृषि बिकास शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने र तालीम संचालन गर्ने।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक संकलन गर्ने।
- पोषिलो तरकारीको बिउ खरिद तथा बितण गर्ने।

**बजेट बाडफाँडः**

क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं.१३:** १००० दिनका घरपरिवारलाई कुखुराको चल्ला तथा खोर सहयोग (५ वटाको दरले)

**परिचयः**

आमा गर्भवती भएको दिनदेखि बच्चाको उमेर २ वर्षको हुँदा सम्मको उमेरलाई सुनौलो १००० दिन भनिन्छ। गर्भको अवधि २७० दिन र जन्मपश्चात २ वर्षको उमेर ७३० दिन गरी जम्मा १००० दिनलाई सुनौलो १००० दिन भनिन्छ। बच्चाको मानसिक विकास २ वर्षको उमेरसम्म ८० प्रतिशतले विकास हुने हुँदा गर्भ रहेदेखि बच्चाको उमेर २ वर्षभित्र आमा र बच्चा दुवैलाई अत्यन्तै स्याहार गर्नुपर्ने हुन्छ। जसमा गर्भमा ५० प्रतिशतले र जन्मपश्चात २ वर्षभित्र ३० प्रतिशत गरि २ वर्षभित्र ८० प्रतिशतले बच्चाको मानसिक विकास हुन्छ। त्यसै कारणले यो समय अवधिमा आमाहरुको खानपानसम्बन्धी ध्यान दिनुपर्दछ। यस बेलामा हरेक बार खाना ४ भन्ने नारालाई आत्मसाथ गर्दै आमाको खानपानमा बिशेष जोड दिनु पर्छ।त्यसैले सुनौलो १००० दिनका आमाहरुलाई सिमित श्रोत साधन र बजेटको संकुचनका कारण समुदायमा रहेका सुनौला हजार दिनका सबै घरपरिवारहरुलाई सेवा प्रवाह र अनुदान प्रदान गर्न नसकिने भएको हुदाँ पिछडिएको क्षेत्र बर्ग र समुदाय छनौट गरी सो समुदायमा रहेका सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीहरुको समुह गठन कुखुरा पालन सम्बन्धी गतिविधी सञ्चालन गर्ने नै यो क्रियाकलापको मुख्य उद्देश्य हो । यो क्रियाकलाप सान्नी त्रिवेणी गाउपालिकाको तोकिएका वडाहरुमा चालु आ. व.२०८०।०८१ मा सन्चालन हुनेछ ।

उद्देश्यः

- सुनौला १००० दिनका आमाहरुको पोषणमा सुधार ल्याउने।
- ग्रामिण कुखुराको बिकास र बिस्तार गर्ने।
- सुनौला १००० दिनका आमाहरुलाई कुखुराको अण्डा उत्पादनमा पहुँच पुर्याउने।
- जीविकोपार्जन र पोषणमा सुधार ल्याउने।
- कुखुरा बितरण गर्ने।
- कुखुराको खोर निर्माण हुने।
- छनौट भएका वडा तथा बस्तीहरुमा सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन गर्ने ।
- सो समुह मार्फत पोषण मैत्री टोल तथा वडा घोषणा अभियान सञ्चालन गर्ने ।
- कुपोषण व्यवस्थापनमा संलग्न व्यक्ति, परिवार, समुदाय र सरोकारवालाहरुको पोषण सम्बन्धी ज्ञान तथा सीप अभिबृद्धि गरी क्षमता विकास गर्ने ।

**उपेक्षित प्रतिफलः** कृषि जैविक विविधताको संरक्षण, सबद्धन र सदुपयोग, जलवायु परिवर्तन अनुकुलन प्रविधिको विकास र विस्तार गरी खाद्य वस्तुको उपलब्धता उपयोगमा स्थिरता र प्रर्बद्धन कायम गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने, पशुपन्छीको संरक्षण र प्रचारप्रसार गर्दै समुदायको पोषण अवस्था सुधारका लागि खानपानको बानी ब्यवहारमा सुधार ल्याउने, खाद्य तथा पोषण स्थिति एवं खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्ने नियमन प्रणाली विकास तथा संस्थागत हुने।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको पशु सेवा शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने र तालीम संचालन गर्ने।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक संकलन गर्ने।
- कुखुराको खोर निर्माण गर्ने।
- कुखुरा खरिद तथा बितण गर्ने।

**कार्यान्वयन गर्ने निकायः**

सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा पशु सेवा शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय,

| |
|---|
| कालिकोट । |
| **बजेट बाडफाँडः**<br>क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ । |

| |
|---|
| **क्रियाकलाप नं.१४** १००० दिनका आमाहरुलाई पोषिलो झोला वितरण |
| **परिचयः** जिल्लामा सिमान्तकृत समुदायमा पोषण बिशेष सेवा प्रभावको अवस्था सन्तोषजनक छैन । सिमान्तकृत जनजाति र दलित समुदाय पनि छोटो समयको रोजगारको लागि मौसमी बसाई सराई गरी रहने र स्वास्थ्य संस्थाको पहुचमा नरहने भएकोले यो समुदायमा समेत कुपोषणको दर बढी रहेको छ । यो दुबै समुदायमा स्वास्थ्य तथा सरसफाईको कमी, साक्षरताको कमी, आर्थिक अवस्था कम्जोर र सचेतनाको कमि जस्ता समस्या रहेका छन । यो समुदायलाई नेपाल सरकारबाट प्रदान गरिने स्वास्थ्य सेवाको बारेमा जानकारी नहुने र स्वास्थ्य सम्बन्धी परम्परागत धारणाका कारणले समेत स्वास्थ्य सेवाको पहुच भन्दा बाहिर रहेका छन ।गर्भवती तथा सुत्केरी आमा र बच्चाको स्वास्थ्यलाई ध्यान दिदै पौष्टिक आहार वितरण सुरु गरिने छ ।गर्भवती महिलालाई र सुत्केरीलाई पौष्टिक आहार वितरण गर्भवती भएको तीन महिना पुरा भई स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य जाँच गराईरहेका महिला र सुत्केरी भएको ४५ दिन पूरा नभएका आमाहरुलाई पोषिलो खानेकुरा सहितको झोला वितरण गरिनेछ। जसमा पौष्टिक तत्व मिसिएको खिर, दही, हलुवा लगायतका खाना सहितको झोला वितरण गरिने छ । ग्रामीण भेगका धेरै महिलाले गर्भवती भएको बेला र सुत्केरी भएपछि पनि प्रर्याप्त पोषण सहितको खानेकुरा खान नपाउँदा बच्चा र आमाको स्वस्थ्यमा असर पर्ने भएकाले पौष्टिक तत्वले भरिपूर्ण आहार निःशुल्क वितरण गरी बच्चा स्वस्थ हुनका लागि आमाको पेटबाटै पोषिलो खानेकुरा खानुपर्ने भएकाले गाउँपालिकाले भावी पुस्ताको स्वस्थ्यको लागि पनि पोषिलो झोला कार्यक्रमलाई व्यापक बनाउने उद्देश्य रहेको छ। |
| उद्देश्यः<br>• सिमान्तकृत समुदायका ५ बर्ष मुनिका बालबालिकाहरुको कडा शीघ्र कुपोषणको पहिचान, उपचार र व्यवस्थापन गर्ने ।<br>• सिमान्तकृत समुदायलाई पोषण विशेष सेवाको पहुचमा ल्याउने ।<br>• पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने।<br>• लोपउन्मुख र पिछिडीएको समुदायको पोषण अवस्थामा सुधार ल्याउने । |
| **उपेक्षित प्रतिफलः** समुदायमा पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वियन मार्फत समुदायलाई पोषण विशेष सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ । |
| **सञ्चालन प्रकृयाः**<br>• स्वास्थ्य शाखा प्रमुखको नेतृत्वमा सम्बद्ध क्षेत्रको स्वास्थ्य संस्था प्रमुखहरुको बैठक गरी वडाको समन्वयमा क्रियाकलाप गर्ने।<br>• समुदायका गर्भवति, सुत्केरी महिला स्वास्थ्य स्वयं सेविका मार्फत विवरण संकलन गर्ने ।<br>• समुदायका गर्भवति सुत्केरीको पोषण अबवस्था लेखाजोखा गरी पोषण सामाग्री बितरण गर्ने ।<br>• पोषण सामाग्रीहरुमा दाल, चना, अण्डा. नुन, तेल, तरकारी, फलफूल, साबुन, ब्रस,नङकट,पोष्टिक, पिठो आदिको प्याकेज बनाई बितरण गर्ने ।<br>• पोषण लेखाजोखाको अवसरमा सम्बन्धीत समुदायका गर्भवति महिलाहरुको भिडियो एक्सरे मार्फत गर्भजाच गर्ने र सुत्केरी महिलाहरुलाई पोषण सेवा प्रदान गर्ने । महिला, बालबालिका र किशोरीहरुलाई भिटामिन ए, आईरन जस्ता पोषण सामाग्री उपलब्ध गराउने ।<br>• समुदायका गर्भवति, सुत्केरीलाई सम्बन्धित स्थानीय तह अन्तरगतको स्वास्थ्य सेवा मार्फत पोषण विशेष सेवामा आवद्धता गर्ने । |
| **कार्यान्वयन गर्ने निकायः**<br>सान्नी त्रिवेणी गाउँपालिकाको समन्वयमा र सम्बन्धित वडा कार्यालयका साथै र स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा स्वास्थ्य शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट । |
| **बजेट बाडफाँडः**<br>क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ । |

**क्रियाकलाप नं.१५** आमा समूहका सदस्यहरुलाई फोहोर मलाई सहयोग कार्यक्रम

**परिचयः**

आमा समूह महिलाहरूको एक सामाजिक संठगन हो । यो सङ्गठनले महिला हिंसा, जुवातास, जस्ता सामाजिक समस्या रोक्नका साथै समाज सुधारको कार्यहरू गर्छ । यो सङ्गठनले मादकपदार्थ सेवन गर्नबाट रोक लगाउनका साथै लागूपदार्थ बेच्ने मान्छेबाट जरिवाना पनि लिन्छ । महिलाहरूलाई घरधन्दा र चुलोचौकामा मात्र सीमित नराखी सामाजिक र आर्थिक कार्यमा समेत उनीहरूको पहुँच बिस्तार गर्नु नै यसको प्रमुख उद्देश्य हो । कला संस्कृतिको संरक्षण र सार्वजनिक सम्पत्तिको संरक्षण तथा सम्वर्द्धनमा समेत आमा समूहहरूको उल्लेखनीय योगदान छ। यति मात्र होइन यसले महिलालाई घरेलु हिंसाबाट सशक्त बनाउँछ। त्यसैले **सरसफाइ** मानिस स्वस्थ रहनका लागि व्यक्तिगत तथा वातवरणीय स्वच्छता कायम गर्ने कार्य हो। मानिसले सरसफाइमा ध्यान दिने हो भने ३० देखि ६० प्रतिशत सम्म रोग लाग्नबाट बच्न सकिन्छ । मानवीय व्यबहार परिबर्तन गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- ✓ अव्यवस्थित फोहोरको ब्यबस्थापन गर्ने।
- ✓ सरसफाईका माध्यमबाट वाताबरण स्वच्छ राख्ने।
- ✓ कूपोषित हुने सम्भावना न्युन गर्ने।
- ✓ आर्थिक व्यय, मानसिक र पारिवारिक क्षति, न्युन गर्ने।
- ✓ भान्साबाट निस्कने जैविक फोहरलाई प्राङ्गारिक मल बनाई त्यही मलको प्रयोग गर्ने।

**उपेक्षित प्रतिफलः**

- ✓ संक्रामक रोगबाट बच्न सकिने।
- ✓ जलवायु परिवर्तन न्युन गर्न सहयोग पुगेको हुने।
- ✓ पूर्ण सरसफाई अभियान सुरु गर्ने लक्ष्य हासिल भएको हुनेछ।
- ✓ साँस्कृतिक तथा व्यवहारीक परिबर्तन आएको हुनेछ।
- ✓ वातावरणीय सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

कार्यान्वयन गर्ने निकायः

सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा खानेपानी तथा सरसफाई शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको खानेपानी तथा सरसफाई शाखा प्रमुखको नेतृत्वमा आमा समुहमा जनचेतना अभिबृद्धि गरी प्रक्रिया अनुसार सामाग्री खरिद गरी बितरण गर्ने।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका आमा समुहहरुको घरपरिवारको तथ्याँक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने र पठाउने ।

**बजेट बाडफाँडः**

क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**कार्यान्वयन गर्ने निकायः**

स्थानीय तहको खानेपानी तथा सरसफाई शाखाले यस कार्यक्रम सँग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन गाउँपालिकामा पठाउनु पर्नेछ।

**क्रियाकलाप नं.१६** आमा समूहका सदस्यहरुलाई फिल्टर बितरण कार्यक्रम

**परिचयः**

आमा समुहका घरपरिवारलाई स्वच्छ खानेपानी उपलब्ध गराउन फिल्टर वितरण गरी ‘मूलबाट ल्याइएको पानी त्यत्तिकै पिउनुभन्दा फिल्टर गरेर पिउँदा बढी फाइदा हुन्छ, त्यसका लागि फिल्टर वितरण भएसँगै आमा समुहका घरधुरीमा सुरक्षित खानेपानीको सुनिश्चितता गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- ✓ आमा समुहमा अव्यवस्थित खानेपानीको ब्यबस्थापन गर्ने।
- ✓ आमा समुहमा शुद्ध खानेपानी उपलब्ध गराउने।
- ✓ खानेपानीका कारण कूपोषित हुने सम्भावना न्युन गर्ने।

**उपेक्षित प्रतिफलः**

- ✓ संक्रामक रोगबाट बच्न सकिने।
- ✓ पूर्ण सरसफाई अभियान सुरु गर्ने लक्ष्य हासिल भएको हुनेछ।
- ✓ साँस्कृतिक तथा व्यवहारीक परिबर्तन आएको हुनेछ।

कार्यान्वयन गर्ने निकायः
सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा खानेपानी तथा सरसफाई शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको खानेपानी तथा सरसफाई शाखा प्रमुखको नेतृत्वमा आमा समुहमा जनचेतना अभिबृद्धि गरी प्रक्रिया अनुसार सामाग्री खरिद गरी बितरण गर्ने।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका आमा समुहहरुको घरपरिवारको तथ्याँक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने र पठाउने ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**कार्यान्वयन गर्ने निकायः**
स्थानीय तहको खानेपानी तथा सरसफाई शाखाले यस कार्यक्रम सँग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन गाउँपालिकामा पठाउनु पर्नेछ।

**क्रियाकलाप नं.१७** सासु-बुहारी श्रीमान सम्मान कार्यक्रम

परिचयः
घरेलु हिंसामा सासु र बुहारी बीचको हिंसा भुसको आगोको रुपमा लिन सकिन्छ। सासु र बुहारी बीचको हिंसा मुक्त गर्न शान्तपूर्ण समाजको निर्माण गर्ने घरपरिवारका सासु र बुहारी बीचको सम्बन्ध कायम राख्ने एकआपसमा सुमधुर सम्बन्ध राख्ने गाउँपालिका भित्रका आमा तथा बुहारीहरुलाई सम्मान गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो।

उद्देश्यः

- घरेलु हिंसालाई न्यूनीकरण गर्ने।
- एकआपसमा सुमधुर सम्बन्ध राखी सब्य समाजको निर्माण गर्ने।

**उपेक्षित प्रतिफलः**

- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत रहेका शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, र कृषि क्षेत्रसँग समन्वय गर्दै पोषणसँग सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन गर्न सहयोग पुगेको हुनेछ।
- घरेलु हिंसा न्यूनीकरण भई शान्तिपूर्ण समाज निर्माण भएको हुनेछ।

कार्यान्वयन गर्ने निकायः
सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा महिला तथा बालबालिका शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको महिला तथा बालबालिका शाखाको नेतृत्वमा जनचेतना अभिबृद्धि गर्ने।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सासु बुहारीको तथ्याँक संकलन गर्ने ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं.१८** सासु बुहारी ससुरा श्रीमान अन्तर्क्रिया कार्यक्रम

**परिचयः**
'म हिंसा गर्दिन, म हिंसा गर्न दिन्न र म हिंसा सहन्न' भन्ने भावनाको विकास गर्न सकेमा सभ्य समाज निर्माण हुने भएकाले समाज परिवर्तनका लागि घरबाट थालनी गर्नुपर्ने हुन्छ।घरमा भएका सानातिना समस्या घरबाटै समाधान गर्ने, घरबाट सम्भव नभएमा छिमेकीको सहयोगमा र जनप्रतिनिधिको समेत सहयोग लिन सकिने हुन्छ। लैङ्गिक हिंसामा सासु र बुहारी बीचको हिंसा भुसको आगोको रुपमा लिन सकिन्छ। सासु र बुहारी बीचको हिंसा मुक्त गर्न अन्तरक्रिया र सामाजिक चेतना जगाउन लैङ्गिक हिंसा, महिला

| |
|---|
| र समाजको व्यवहार लगायत हिंसालाई न्यूनीकरण गर्न कानूनी व्यवस्था भएता पनि सासु र बुहारीको सम्बन्ध नङ्ग र मासुको जस्तै हुने हुँदा बुहारी एकदिन सासु हुने र सासु पनि बुहारीको अनुभव लिएर आएको हुनाले एकआपसमा सुमधुर सम्बन्ध राख्न सके घरेलु, महिला तथा लैंगिक हिसा न्यूनीकरण अन्त्यका लागि सासु बुहारी सँगसँगै कार्यक्रम सञ्चालन गर्ने यस क्रियाकलापको प्रमुख लक्ष्य रहेको छ। |
| उद्देश्यः<br>• हिंसालाई न्यूनीकरण गर्ने।<br>• हिंसा भईहालेमा पीडितलाई तत्काल उद्दार सहित कानुनी उपचारका कस्ता प्रक्रिया अवलम्बन गर्न सकिन्छ भन्ने वारे जानकारी गराउने।<br>• एकआपसमा सुमधुर सम्बन्ध राखी सब्य समाजको निर्माण गर्ने। |
| **उपेक्षित प्रतिफलः**<br>• बहुक्षेत्रीय पोषण योजना अन्तर्गत रहेका शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, र कृषि क्षेत्रसँग समन्वय गर्दै पोषणसँग सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन गर्न सहयोग पुगेको हुनेछ।<br>• घरेलु हिंसा न्यूनीकरण भई शान्तिपूर्ण समाज निर्माण भएको हुनेछ। |
| कार्यान्वयन गर्ने निकायः<br>सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा महिला तथा बालबालिका शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट । |
| **सञ्चालन प्रकृयाः**<br>• कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको महिला तथा बालबालिका शाखाको नेतृत्वमा जनचेतना अभिबृद्धि गर्ने।<br>• बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सासु बुहारीको तथ्याँक संकलन गर्ने । |
| **बजेट बाडफाँडः**<br>क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ । |

| |
|---|
| **क्रियाकलाप नं.१९** बालक्लबका सदस्यहरुलाई पोषण तथा स्वास्थ्य सम्बन्धी तालिम कार्यक्रम |
| परिचयः<br>बालबालिकाको जीवनरक्षा, स्वास्थ्य तथा विकासका लागि उपयुक्त पोषण एक दरिलो जग हो। राम्रो पोषण पाएका बालबालिकाहरू राम्ररी सिक्न र हुर्कन सक्छन्, समुदायमा सहभागी हुन र योगदान दिन, तथा रोग, विपत्ति र अन्य विश्वव्यापी संकटहरूसंग लड्न समर्थ हुन्छन्। तर कुपोषणबाट पिडित लाखौं बालबालिकाको लागि वास्तविकता निकै तितो छ। थप लाखौं बालबालिका चरम कुपोषणका कारण पुड्का हुन जान्छन् जसको उपचार सम्भव छैन।यसले बालबालिकाको शारीरिक र मानसिक विकासलाई वास्तविक रुपमै छोट्याउने गर्दछ त्यसैले समग्र नेतृत्व, क्षमता विकास र समन्वय गरी बहुक्षेत्रीय पोषण योजना कार्यन्वयनमा ल्याउनु यो क्रियाकलापको मुख्य उद्देश्य हो । यो क्रियाकलाप सान्नी त्रिवेणी गाउपालिकाको तोकिएका बालक्लवमा चालु आ. व.२०८०।०८१ मा सन्चालन हुनेछ । |
| उद्देश्यः<br>पोषणका कार्यक्रम अन्तर्गत लैंगिक समानता, सामाजिक समावेशिता र विपद् जोखिम व्यवस्थापन कार्यक्रमलाई मुल धारमा ल्याई समग्र नेतृत्व, क्षमता विकास र समन्वय गरी बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गर्न तथा उपयुक्त वातावरणको निर्माण गर्नु हो। |
| |
| **उपेक्षित प्रतिफलः** बहुक्षेत्रीय पोषण योजना अन्तर्गत रहेका शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, र कृषि क्षेत्रसँग समन्वय गर्दै पोषणसँग सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन गर्न सहयोग पुगेको हुनेछ। |
| कार्यान्वयन गर्ने निकायः<br>सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा स्वास्थ्य शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट । |
| **सञ्चालन प्रकृयाः**<br>• कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको स्वास्थ्य शाखा प्रमुखको नेतृत्वमा बालक्लवहरुलाई जनचेतना अभिबृद्धि गर्ने।<br>• बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका बालक्लवहरुको तथ्याँक संकलन गर्ने । |
| **बजेट बाडफाँडः**<br>क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ । |

**क्रियाकलाप नं.२०** पोषणमैत्री नमूना टोलका वासिन्दाहरुले प्रयोग गर्दै आएको पानीको गुणस्तर जाँच कार्यक्रम

परिचयः

साधारण देखिने तर अत्यन्त महत्वपूर्ण रहेको पानीलाई धेरैलाई चिनाउन पर्दैन। पल–पलमा अति आवश्यक भएको हामी सबैलाई थाहा नै छ। हामीले पानी प्रयोग कसरी गरेका छौं र पानीको कमी हुँदा के असर पर्दछ भन्ने धेरैलाई थाहा नहुन सक्छ। थाहा नभई प्रयोग गरेको पानीबाट करिब ७० प्रतिशत रोग पानीकै कारणबाट हुने गर्दछ। विश्व स्वास्थ्य संगठनको अनुसन्धानबाट समेत पुष्टि गरिसकेको छ। त्यसैले पोषणमैत्री नमूना टोलका वासिन्दाहरुले परामपरागत रुपमा मुहानबाट प्रयोग गर्दै आईरहेको पानी कस्तो छ भन्ने बारेमा पानीको गुणस्तर मापदण्ड अनुसार रहे नरहेको परिक्षणबाट जानकारी प्राप्त गरी नियमित रुपमा प्रयोग हुदै आईरहेको खानेपानी सुरक्षित भए नभएको एकिन गरी पानी शुद्धिकरण बिधीहरुबारे समितीलाई जानकारी गराई व्यक्तिगत सरसफाई चर्पिको प्रयोग भई व्यबहार परिबर्तन गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो

'उद्देश्यः

- पानीको भौतीक, रासायनिक र जैविक गुणस्तर परिक्षण गरी गर्ने।
- गुणस्तर मापदण्ड भित्र रहेको छ छैन भन्ने कुराको एकिन गर्न।
- शुद्धपानी उपलब्ध गराई पोषणमा सुधार ल्याउने।

**उपेक्षित प्रतिफलः**

- नमुनाबस्तीका बासीन्दाहरुले उपभोग गर्दै आईरहेको मुहानको पानीमा रहेको भौतीक, रासायनिक र जैविक गुणस्तर परिक्षण भई नेपाल खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुसार खान योग्य रहेको नरहेको जानकारी प्राप्त हुने र सोही अनुसार शुद्धिकरणका कार्यक्रम संचालन हुने।

कार्यान्वयन गर्ने निकायः

सान्नी त्रिवेणी गाउपालिका र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा खानेपानी तथा सरसफाई शाखा सान्नी त्रिवेणी गाउपालिका कार्यालय, कालिकोट।

**सञ्चालन प्रकृयाः**

- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने नमुना टोलको खानेपानी मुहानको तथ्याँक संकलन गर्ने।
- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको खानेपानी तथा सरसफाई शाखा प्रमुखको नेतृत्वमा सम्बन्धित निकाय संग सहकार्य गरी संचालन गर्ने।

**बजेट बाडफाँडः**

क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ।

**क्रियाकलाप नं.२१** पोषण सम्बन्धी होडिङ्ग बोर्ड स्थापना कार्यक्रम

परिचयः

सान्नी त्रिवेणी गाउँपालिका र यसका सबै वडा कार्यालयहरु बियषगत शाखाहरु बहुक्षेत्रीय पोषण योजना अन्तर्गत संचालित बिभिन्न कार्यक्रमहरुको परिचय,उद्देश्य,महत्व,स्थान,समयावधिको वारेमा विकास साझेदारहरु र सम्बन्धित सरोकारवालाहरु र सम्बन्धित सबै पक्षहरुलाई र आम नागरिकहरुलाई प्रचार प्रसार र सूचनाको माध्यमबाट पोषणमैत्री स्थानीय शासन अवलम्बन र वडा तथा पालिका घोषणाका प्रक्रिया प्रतिफल र नतिजाहरुको ब्याख्या र बिश्लेषण कार्यक्रमको वारेमा जानकारी गराउने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो।

उद्देश्यः

- जनचेतना अभिबृद्धि गरी ब्यक्तिको स्वभावमा परिबर्तन ल्याउने।
- प्रचार प्रसारको माध्यामबाट संचेतना फैलाउने।
- आर्थिक पार्दसिता कायम राख्ने।
- कार्य कुसलता र मापदण्डको वारेमा जानकारी दिने।

अपेक्षित प्रतिफलः

- पोषणमैत्री स्तानीय तह घोषणा भएको हुनेछ।
- भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनको क्षेत्रमा विकास भएको हुनेछ।
- दिगो विकास र समृद्धिको खाका तयार भएको हुनेछ।

**कार्यान्वयन गर्ने निकायः**
गाउँपालिकाको समन्वयमा सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- हाल सम्म प्राप्त सूचकहरुको समिक्षा गरी बिश्लेषण गर्ने ।
- प्राप्त गर्न नसकेका सूचकहरुको प्राप्तीको लागी कार्य योजना बनाई चेकलिष्ट तयार गर्ने ।
- कार्यक्रम स्थल,सार्बजनिक स्थल,सडक छेउछाउ, नमुना टोल आदीमा होडिङ्ग बोर्ड टाँस गर्ने।
-

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं.२२** पोषण नमुना टोल समिति गठन तथा चौमासिक बैंठक आमा समुह समेतको बैंठक कार्यक्रम

परिचयः

विश्व स्वास्थ्य संगठनले तयार गरेको ७६ मापदण्ड तथा सूचक पूरा गरेमा उक्त टोललाई पोषणमैत्री नमूना टोल सुनिश्चित र दिगोपना घोषणा गर्दे जाने उद्देश्यका साँथ यस गाउँपालिकालाई पोषणमैत्री घोषणा गर्न बालबालिकालाई अनिवार्य विद्यालय पठाएर गुणस्तरीय शिक्षा दिएको हुनुपर्ने, प्रत्येक वडामा स्वास्थ्य चौकीमा निःशुल्क र गुणस्तरीय उपचार र पोषण सेवा सुनिश्चित हुनुपर्ने, गर्भवती, सुत्केरी महिला र बालबालिकालाई पोषण प्रोत्साहन र पोसिलो खाना उपलब्ध गराउनुपर्ने, दुई वर्षमुनिका बालबालिकाको वृद्धि अनुगमन प्रभावकारी बनाउन बाल पोषण अनुदान वितरण कार्यक्रम सञ्चालन गर्नुपर्ने सूचकहरुमा रहेर काम उद्देश्य रहेको छ।

सुरक्षित खानेपानी र सरसफाइ व्यवस्था सुनिश्चित, पूर्ण सरसफाइ अभियान, विभिन्न तहका प्रतिबद्धता, कार्य योजना र समन्वय संयन्त्रको सुनिश्चित, सहयोगी निकायबाट प्राप्त हुने सहयोग मूल प्रवाहीकरणमा ल्याएर कार्यान्वयन तथा प्रभावकारी अनुगमन, सबै स्तरमा बहु क्षेत्रीय पोषण योजना तर्जुमा र प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता लगायत सूचक पूरा भएको हुनुपर्ने प्रावधान छ।

त्यसैगरी समाजमा विद्यमान बालविवाह र छुवाछुत तथा जातीय भेदभाव जस्ता गलत संस्कार संस्कृतिको अन्त्य गर्न ठोस नियम र कार्य नीति बनाई कार्यान्वयन गर्ने, स्वस्थ्य, सफा र पोषणमैत्री घर, गाउँ, टोल र वडा अभियान सञ्चालन गर्दै आउँदो चार वर्षमा गाउँपालिकालाई पोषणमैत्री स्थानीयतह घोषणा गर्न पोषणमैत्री स्थानीय तह, वडा, टोल भएको अवस्थामा विभिन्न अनुदानका कार्यक्रम संचालन गरिने छन। जस मध्ये यस गाउँपालिका क्षेत्र भित्र ५ वटा पोषण नमुना टोल समिति गठन गरी नमूना टोल सुनिश्चितता गर्ने कार्य सकिएपछि वडालाई लाई  पूर्ण रूपमा पोषणमैत्री वडा घोषणा गरी पालिका घोषणा गर्ने यो क्रियाकलापको प्रमुख उद्देश्य रहेको छ ।

उद्देश्यः

- पोषण नमुना टोल समिति गठन गर्ने।
- कार्यक्रमको प्रगती समिक्षा गर्ने ।
- कार्यक्रम कार्यान्वयनमा भएका कमिकमजोरी पत्ता लगाई समस्या समाधानका उपायहरु पत्ता लगाउने ।
- पोषणमैत्री वडा तथा पालिका घोषणाको लागि सहयोग पुग्ने।
- पोषणमैत्री नमुना टोल वडा र स्थानीयतह घोषणा गर्न सहयोग पुग्ने।
- पोषणको क्षेत्रमा संवेदनशील भई कार्य अगाडी बढाउन सहयोग पुग्ने ।
- पोषण मैत्री स्थानीय शासनका बिधि, प्रक्रिया र सुचकका साथै न्यूनतम लक्ष्यका बारेमा गाउपाउलीका स्तरीय समिति र सरोकारवालालाई जानकारी गराउने ।
- पोषण मैत्री स्थानीय शासनका बिधि, प्रक्रिया र सुचकका बारेमा सरोकारवालालाई जानकारी गराउने ।
- पोषणमैत्री वडा घोषणाको लागि प्रतिबद्धता सहित कार्य योजना निर्माण गर्ने ।

**उपेक्षित प्रतिफलः**

- पोषणमैत्री नमुना टोल घोषणा भएको हुनेछ।
- भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनको क्षेत्रमा विकास भएको हुनेछ।
- दिगो विकास र समृद्धिको खाका तयार भएको हुनेछ।

**सञ्चालन प्रकृयाः**

- हाल सम्म प्राप्त सूचकहरुको समिक्षा गरी बिश्लेषण गर्ने ।
- प्राप्त गर्न नसकेका सूचकहरुको प्राप्तीको लागी कार्य योजना तयार गर्ने ।
- क्रियाकलाप कार्यान्वयनमा भएका समस्या बेलैमा समाधान गर्ने।
- पहिचान गरी समाधानको मार्ग पहिल्याई कार्यान्वयन गर्ने ।

**कार्यान्वयन गर्ने निकायः**
गाउँपालिकाको समन्वयमा  सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं.२३** पोषण मैत्री नमूना बस्तिको प्रगती समिक्षा बैठक कार्यक्रम

**परिचयः**
पोषणमैत्री स्थानीय तह घोषणाका लागी पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीले छनोट गरेको टोलमा पोषण मैत्री स्थानिय तह घोषणाका लागी बहुक्षेत्रिय पोषण कार्यक्रम बिस्तार कार्यक्रमका क्रियाकलापहरु संचालन गरिने छन । कार्यक्रम संचालन भएका टोलहरुमा संचालित कार्यक्रमको प्रभाकारिता तथा प्रगतीको बारेमा त्रैमासिक रुपमा समिक्षा गर्न यो कार्यक्रमको जरुरी छ । टोल र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अबधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आ.ब. भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**
- कार्यक्रमको प्रगती समिक्षा गर्ने ।
- कार्यक्रम कार्यान्वयनमा भएका कमिकमजोरी पत्ता लगाई समस्या समाधानका उपायहरु पत्ता लगाउने ।
- पोषणमैत्री वडा तथा पालिका घोषणाको लागि सहयोग पुराउने।

**उपेक्षित प्रतिफलः**
- पोषण मैत्री वडा घोषणा भएको हुनेछ ।
- सबै बिषयगत क्षेत्र र सरोकारवालाको क्षमतामा बृद्धि भएको हुनेछ।
- संस्थागत विकास भएको हुनेछ।

**कार्यान्वयन गर्ने निकायः**
गाउँपालिकाको समन्वयमा  सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ

**सञ्चालन प्रकृयाः**
- हाल सम्म प्राप्त सूचकहरुको समिक्षा गरी बिश्लेषण गर्ने ।
- प्राप्त गर्न नसकेका सूचकहरुको प्राप्तीको लागी कार्य योजना तयार गर्ने ।
- क्रियाकलाप कार्यान्वयनमा भएका समस्या बेलैमा पहिचान गरी समाधानको मार्ग पहिल्याई कार्यान्वयन गर्ने ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं.२४** कार्यक्रम संचालनका लागी परामर्श दाता खर्च

**परिचयः**
पोषणमैत्री स्थानीय तह घोषणाका लागी बहुक्षेत्रिय पोषण सेवा बिस्तार कार्यक्रमको सफल कार्यान्वयनका लागि यस कार्यक्रमको बिषय बिज्ञको रुपमा परामर्श सेवामा बिज्ञ नियुक्त गरी कार्यक्रम कार्यान्वयनमा प्रबिधिक सहजिकरणका लागी यो कार्यक्रमको जरुरी छ । सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ ।गाउपालिका र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अबधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र गतआ.ब. मा नै वडा घोषणा गर्न प्राबिधिक सहजिकरणका लागी सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन राखिएको हो ।

**उद्देश्यः**
- पोषण मैत्री स्थानिय तह घोषणाका लागि बहुक्षेत्रिय पोषण सेवा बिस्तार कार्यक्रमलाई प्रभाकारी रुपमा संचालन गर्ने ।
- स्थानीय शासनका बिधि, प्रक्रिया र सुचकका साथै न्यूनतम लक्ष्यका बारेमा गाउँ टोल स्तरीय समिति र सरोकारवालालाई जानकारी गराउने ।
- पोषणमैत्री वडा घोषणाको लागि प्रतिबद्धता सहित कार्य योजना निर्माण गर्ने ।

**उपेक्षित प्रतिफलः** पोषण मैत्री स्थानीय तह घोषणाका लागि आधार तयार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः**
सान्री त्रिवेणी गाउँपालिकाको समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**
- बहुक्षेत्रिय पोषण कार्यक्रममा बिज्ञता हाशिल गरेको दक्ष जनशक्तीको पहिचान गरी परामर्श दाताको रुपमा सम्झौता गर्ने ।
- पालिका स्वास्थ्य संस्था तह वडा र टोल स्तरमा हुने कार्यक्रममा सहजिकरणका लागी सहयोग पुग्नेछ ।

**बजेट बाडफाँडः**
क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं.२५ कार्यक्रम अनुगमन तथा मुल्यांकन**

**परिचयः**

**अनुगमन**
अनुगमन भन्नाले व्यवस्थापनद्वारा कार्यक्रम कार्यान्वयनको हरेक तहमा गरिने निरन्तर वा आवधिक पुर्निरीक्षण र जाँचबुझको कामलाई जनाउँछ । योजनाबमोजिमको काम गर्न आवश्यक पर्ने लगानी, कार्य तालिकाअनुसारको कार्य र परिलक्षित प्रतिफल हासिल गर्न निमित्त कार्य सञ्चालन भइरहेको छ छैन भन्ने कुरा निश्चित गर्न यस प्रकारको निरीक्षण र जाँचबुझ गरिन्छ ।

अनुगमनसम्बन्धी कार्य परियोजना, आयोजना कार्यक्रम कार्यान्वयनको अवधिमा मात्र गरिन्छ । अनुगमनको उद्देश्य आयोजना व्यवस्थापनको सबै तहमा पुनर्निवेश (फिडब्याक) गराएर दक्ष तथा प्रभावकारी आयोजनाको कार्यसम्पादन हासिल गर्नु हो । यसले व्यवस्थापनलाई योजनाको कार्य सञ्चालनमा सुधार ल्याउन र कुनै कमी र व्यवधान भएमा समयमा नै सुधारात्मक कदम उठाउन सक्षम तुल्याउँछ । यसरी अनुगमन प्रक्रिया व्यवस्थापन सूचना प्रणालीको एक भाग र एउटा आन्तरिक क्रियाकलाप हुन आउँछ । अनुगमन प्रक्रिया व्यवस्थापन कार्यको एक अभिन्न अंग र उचित व्यवस्थापकीय कार्यको एक भाग पनि हो । यसकारण आयोजना परियोजना कार्यक्रम कार्यान्वयन गर्ने उत्तरदायित्व लिएका पदाधिकारीले व्यवस्थापनको शृंखलाको प्रत्येक तहमा अनुगमन गर्नुपर्छ ।

**मूल्यांकन**
मूल्यांकन एक अध्ययन तथा अनुसन्धान विधि हो। मूल्यांकन भन्नाले आयोजनाको उद्देश्यको आधारमा आयोजनाका क्रियाकलापको सान्दर्भिकता, दक्षता, प्रभावकारिता र प्रभाव’ सुव्यवस्थित र उद्देश्यपूर्ण तरिकाले निर्धारण गर्ने एक प्रक्रिया हो । यो चालू कार्यक्रमलाई सुधार गर्ने र भावी योजना कार्यक्रम र निर्णय विधिमा व्यवस्थापनलाई सहयोग पुर्याउने एउटा संगठनात्मक पद्धति हो ।

त्यसैले पोषण मैत्री स्थानिय तह घोषणाका लागि बहुक्षेत्रिय पोषण सेवा बिस्तार कार्यक्रमलाई प्रभाकारी बनाउन यो क्रियाकलाप कार्यन्वयनमा ल्याएको हो।

**उद्देश्यः**

- पोषण मैत्री स्थानिय तह घोषणाका लागि बहुक्षेत्रिय पोषण सेवा बिस्तार कार्यक्रमलाई प्रभाकारी रुपमा संचालन गर्ने ।
- स्थानीय शासनका बिधि, प्रक्रिया र सुचकका साथै न्यूनतम लक्ष्यका बारेमा गाउँ टोल स्तरीय समिति र सरोकारवालालाई जानकारी गराउने ।
- पोषणमैत्री वडा घोषणाको लागि प्रतिबद्धता सहित कार्य योजना निर्माण गर्ने ।
- कार्यक्रमको कार्यान्वयन चरणमा यसको निरन्तर सान्दर्भिकता, दक्षता, प्रभावकारिताको साथै वर्तमान तथा सम्भावित भावी उपलब्धि, असर र प्रभावको विश्लेषण गर्ने।

**उपेक्षित प्रतिफलः** पोषण मैत्री स्थानीय तह घोषणाका लागि आधार तयार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः**

सान्नी त्रिवेणी गाउँपालिकाको समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- बहुक्षेत्रिय पोषण कार्यक्रममा बिज्ञता हाशिल गरेको दक्ष जनशक्तीको पहिचान गरी स्थलगत अनुगमन र मुल्यांकन गर्ने ।

**बजेट बाडफाँडः**

क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाँडफाँडमा उल्लेख गरिएको छ ।

५. संस्थाबाट प्राप्त प्रस्तावहरु छनौट तथा मूल्याङ्कनका आधारहरुः

५.१ व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यताः

**क. संस्थाको अनुभव दर्ता तथा क्षमताः** बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम,महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउने,सुनौला १००० दिनका आमा तथा बालबालिकाको पोषण स्थितीमा सुधार,मातृ तथा वाल मृत्युदर घटाउने र बालबालिका महिला तथा किशोरीहरुको पोषणको अबस्था सुधारका क्षेत्रमा काम गरेको अनुभव भएको तथा कालीकोट जिल्लामा संस्था दर्ता भई यस सान्नी त्रिवेणी गाउँपालिकामा कार्यालय स्थापना गरी कार्य संचालन गरेको संघ संस्थालाई प्राथमिकता दिईने छ।

**ख. जनशक्ति**

अ. कार्यक्रम संयोजक (पोषण संयोजक) १ जना

१.आबश्यक न्यूनतम शैक्षिक योग्यताः स्नातक वा सो सरह हुने छ। स्नात्तकोत्तर उपाधी हासिल गरेकोलाई ग्राहयता दिईनेछ।
२.अनुभवः बहुक्षेत्रीय पोषण कार्यक्रम,महिला, बालबालिका र किशोरीहरुको क्षेत्रमा काम गरेको अनसभव हुनु पर्नेछ।
३.लैङ्गिक तथा सामाजिक समाबेसीः महिला वा आदीवासि जनजाती वा दलित वा मदेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिईनेछ।

आ. सामुदायिक पोषण सहजकर्ताः ५ जना

१.आबश्यक न्यूनतम शैक्षिक योग्यताः एस.एल.सी.वा सो सरह हुने छ।
२.अनुभवः बहुक्षेत्रीय पोषण कार्यक्रम,महिला, बालबालिका र किशोरीहरुको क्षेत्रमा काम गरेको अनुभव हुनु पर्नेछ।
३.लैङ्गिक तथा सामाजिक समाबेसीः महिला वा आदीवासि जनजाती वा दलित वा मदेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिईनेछ।

**६. व्यवसाय विकास सेवा प्रदायक संस्थाको संस्थागत योग्यता सम्बन्धी विवरणः**

क) संस्था (ईच्छुक सेवा प्रदायक संस्था/गैर सरकारी संस्था/ फर्म) को विधायनमा बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम,महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउने,सुनौला १००० दिनका आमा तथा बालबालिकाको पोषण स्थितीमा सुधार,मातृ तथा वाल मृत्युदर घटाउने र बालबालिका महिला तथा किशोरीहरुको पोषणको अबस्था सुधारका क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भएको हुनुपर्ने।
ख) संस्था नविकरण अद्यावधिक भएको हुनुपर्ने।
ग) मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनुपर्ने।
घ) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र (कर छुट सुविधा प्राप्त गरेको संस्थाले प्राप्त गरेको संस्थाले कर कार्यालयले आफ्नो वार्षिक कारोवार विवरण पेश गरेको प्रमाण)
ङ) कार्यक्षेत्र शर्त TOR मा उल्लेख भए बमोजिम जनशक्ति भएको।
च) कालो सूचिमा नपरेको स्वघोषणा पत्र संलग्न रहेको।
छ) आ.व. २०७९/०८० को लेखापरीक्षण भएको।
ज) समाज कल्याण परिषदमा दर्ता भएको।

**७. प्रस्तावको ढाँचा**

संस्था सम्बन्धी विवरण र प्रस्तावको ढाँचा यसै कार्यादेशको अनुसूची १,२ र ३ मा उल्लेख गरिएको छ।

**८. प्रस्ताव पेश गर्ने तरिकाः**

व्यवसायिक सेवा प्रदायक संस्थाले प्रस्तावलाई खाममा सिलवन्दी गरी खामको बाहिर नाम र ठेगाना स्पष्ट उल्लेख गरी प्रस्ताव आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त प्राप्त गर्न सक्नेछ। प्रस्तावकले प्रस्ताव सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेभित्र (प्राबिधिक र आर्थिक प्रस्तावना छुटाछुट्टै) सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय, मेहलमुडी कालीकोटमा दर्ता गरि सक्नु पर्नेछ र यसरी दर्ता भएको प्रस्तावहरु १६औं दिनको २ बजे नियमानुसार यसै कार्यालयमा खोलिनेछ। उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको पहिलो दिनमा अन्तिम दिन मानिने छ। तोकिएको अवधिको बीचमा पर्ने सार्वजनिक विदा यस अवधिमा गणना गरिने छैन्।

**९. प्रस्ताव मूल्याङ्कन गरिने तरिकाः**

मूल्याङ्कन गर्दा खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम प्राबिधिक प्रस्तावको अंक भार ८० र आर्थिक प्रस्तावको न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावकलाई २० अंक प्रदान गरिने छ। प्राबिधिक र आर्थिक प्रस्तावको कुल अंकमा सबैभन्दा बढि अंक ल्याउने प्रस्तावलाई छनौट गरिने छ र दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने प्रस्तावलाई क्रमशः वैकल्पिक सूचीमा राखिने छ।

**१०. समयावधीः**

यो कार्यक्रम सम्झौता पत्रमा हस्ताक्षर भएको मिति देखि २०८१ साल असाढ २० गते सम्म मात्र हुनेछ।

**११. विविध**

प्रचलित कानूनको अधिनमा रहि यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४,बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम कार्यान्वयन निर्देशिका,पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यबिधि बमोजिम हुनेछ।

अनुसूची २

दफा १२ (१. सँग सम्बन्धित

प्राविधिक प्रस्ताव फाराम

<table>
<tr><td>क्र.सं</td><td>विषयवस्तु</td></tr>
<tr><td>१</td><td>परियोजनाको शीर्षक</td></tr>
<tr><td colspan="2">पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम</td></tr>
<tr><td>२</td><td>भूमिका र पुष्ट्याई<br>२.१ यो परियोजना स्थानीय तहमा किन आवश्यक छ?<br>२.२ यो परियोजनाका लागि समुदायका मागका आधारहरु के-के हुन सक्छ?<br>२.३ परियोजनाको कार्यान्वयनका लागि संस्थाका निर्दिष्ट अनुभवहरु के-के छन् ?</td></tr>
<tr><td>३</td><td>यो परियोजना मार्फत तपाईंको संस्थाले के उपलब्धि गर्न चाहनु हुन्छ ? र कसरी हासिल गर्न सकिन्छ विस्तृत रुपमा व्याख्या गर्नुहोस् ।</td></tr>
<tr><td>४</td><td>परियोजनाको अवधि<br>पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम परियोजनाको सुरु २०८१ साल बैशाख ५ देखि अन्तिम मिति २०८१ साल असार २० गते सम्म</td></tr>
<tr><td>५</td><td>परियोजना अन्तर्गत सम्पन्न गरिने मुख्य क्रियाकलापहरु
<table>
<tr><td>प्रत्येक उपलब्धिका लागि मुख्य क्रियाकलापहरु</td><td>समयसीमा (कहिले सुरु र सम्पन्न गर्ने)</td><td>विधिहरु तहहरु (कसरी कार्यान्वयन गर्ने)</td><td>सहयोगि संस्थाहरु</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>६</td><td>कार्यान्वयनको अवधारणा<br>६.१ परियोजनाका उपलब्धि र परिणामलाई कसरी दिगो बनाउन सकिन्छ?<br>६.२ अशिक्षित महिला तथा विपन्न समुदायमा उद्यमशीलताको विकास कसरी सुनिश्चित गर्नुहुन्छ ?<br>६.३ कार्यादेशमा उल्लेखित जिम्मेवारी कसरी पूरा गर्नु हुन्छ ?<br>६.४ विस्तृत कार्ययोजना प्रस्ताव</td></tr>
<tr><td>७</td><td>७1 परियोजनाका गतिविधिहरुको उपलब्धि र परिणामहरुको अभिलेख कसरी राख्नुहुन्छ ?</td></tr>
<tr><td>८</td><td>अनुगमन तथा मूल्याङ्कन<br>८.१ परियोजनाका गतिविधि प्रगतिको सुपरीवेक्षण कसरी गर्नुहुन्छ ?<br>८.२ प्रत्येक क्रियाकलाप/ गतिविधिको कार्य दक्षता मूल्याङ्कन कसरी गर्नुहुन्छ ?</td></tr>
</table>

**प्रस्तावना बढिमा ५ देखि ७ पेजमा सीमित गर्नुहोला।**

अनुसूची-३

## दफा १२ को १ सँग सम्बन्धित

## ख. आर्थिक प्रस्ताव

| क्र सं | प्रस्तावीत क्रियाकलापको नाम | क्रियाकलापको संख्या | महिना दिन | दर रु | कुल बजेट रकम रु | प्रस्तावित बजेट रकम रु अंकमा | प्रस्तावित बजेट रकम रु अक्षेरमा |
|---|---|---|---|---|---|---|---|
| क क्रियाकलाप तथा बजेट | | | | | | | |
| १ | मेरो बाबालाई चिठी प्रिन्ट तथा ढुवानी | २५० वटा | १ पटक | ५० | १२५०० | | |
| २ | हजार दिनका आमाहरुलाई जीवनका लागि महत्वपूर्ण अवसर मनाउने कार्यक्रम | १० वटा | १दिन | ५००० | ५०००० | | |
| ३ | पोषिलो जाउलो प्रदर्शनी कार्यक्रम | २ वटा | १ दिन | १०००० | २०००० | | |
| ४ | आमा समूहमा बैठक स्वास्थ्य, घरायसी खाद्यान्न उत्पादन, पूर्ण सरसफाई तथा पोषणको महत्त्व सम्बन्धित छलफल | २ वटा | १ दिन | १०००० | २०००० | | |
| ५ | आमा समूहमा गुणस्तरिय स्वास्थ्यका लागि आफ्नै पहल | २ वटा | १ दिन | १०००० | २०००० | | |
| ६ | वडा स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिका पदाधिकारीलाई पोषण उन्मुख नमूना बस्तिको अवधारणा सम्बन्धी अभिमुखीकरण | १ पटक | १ दिन | १०००० | १०००० | | |
| ७ | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरुलाई पोषण उन्मुख नमूना बस्तिको अवधारणा सम्बन्धमा अभिमुखीकरण | १ पटक | १ दिन | १०००० | १०००० | | |
| ८ | पूर्ण सरसफाई सम्बन्धी अनुगमन चेक लिष्ट फलेक्स प्रिन्ट छपाई तथा घर-घरमा झुण्ड्याई नियमित अनुगमन तथा परामर्श | १०० पिस | १ पटक | ५०० | ५०००० | | |
| ९ | आमा समूहका सदस्यहरुलाई चाङ्, जुठ्यान निर्माण सहयोग | १ पटक | २५ जना | २००० | ५०००० | | |
| १० | आइरन फोलिक एसिड चक्की सम्बन्धित विद्यालय स्तरिय कार्यक्रम | ३ पटक | १ दिन | १०००० | ३०००० | | |
| ११ | बालविवाह न्यूनिकरण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने | ३ पटक | १ दिन | १०००० | ३०००० | | |
| १२ | कृषक समूह गठन र घरायसी खाद्यान्न उत्पादन सम्बन्धी १ दिने तालिम र पोषिलो तरकारीको बीउ वितरण | १ पटक | २ दिन | ७०००० | ७०००० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | १००० दिनका घरपरिवारलाई कुखुराको चल्ला तथा खोर सहयोग (५ वटाको दरले) | १ पटक | २५ जना | ५००० | ८७५०० | | |
| क्र सं | प्रस्तावीत क्रियाकलापको नाम | क्रियाकलाप को संख्या | महिना दिन | दर रु | कुल बजेट रकम रु | प्रस्तावित बजेट रकम रु अंकमा | प्रस्तावित बजेट रकम रु अक्षेरमा |
| १४ | १०००  दिनका आमाहरुलाई पोषिलो झोला वितरण | १ पटक | २५ जना | २००० | ५०००० | | |
| १५ | आमा समूहका सदस्यहरुलाई फोहोर मलाई सहयोग | १ पटक | २५ जना | २५०० | १२५००० | | |
| १६ | आमा समूहका सदस्यहरुलाई फिल्टर वितरण | १ पटक | २५ जना | ३००० | ७५००० | | |
| १७ | सासु-बुहारी श्रीमान सम्मान कार्यक्रम | १ पटक | २ जना | २५०० | ५००० | | |
| १८ | सासु बुहारी ससुरा श्रीमान अन्तर्क्रिया कार्यक्रम | १ पटक | ३० जना | २०००० | २०००० | | |
| १९ | बालक्लबका सदस्यहरुलाई पोषण तथा स्वास्थ्य सम्बन्धी तालिम | १ पटक | ३० जना | २०००० | २०००० | | |
| २० | पोषणमैत्री नमूना टोलका वासिन्दाहरुले प्रयोग गर्दै आएको पानीको गुणस्तर जाँच | १ पटक | १ दिन | २०००० | २०००० | | |
| २१ | पोषण सम्बन्धी होडिङ्ग बोर्ड स्थापना | १ पटक | १ वटा | १०००० | १०००० | | |
| २२ | पोषण नमूना टोल समिति गठन तथा चौमासिक बैठक आमा समूह समेतको बैठक | ३  पटक | २५ जना | १०००० | ३०००० | | |
| जम्मा (क) रु. | | | | | ८१५००० | | |
| ख. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | | | | | | | |
| १ | सामुदायिक पोषण सहजकर्ता तलब | ५ जना | ३ महिना | १५००० | २२५००० | | |
| २ | कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | ५  जना | ४ पटक | २०००० | ८०००० | | |
| ३ | पोषण मैत्री नमूना बस्तिको प्रगती समिक्षा बैठक | २०  जना | २ पटक | १०००० | २०००० | | |
| ४ | मसलन्द खर्च संस्था परिचालन | १ पटक | ३ महिना | २०००० | ६०००० | | |
| ५ | मसलन्द खर्च कार्यालय ब्यबस्थापन | १ पटक | ४ महिना | २५००० | १००००० | | |
| ६ | सुचना बिज्ञापन | १ पटक | १ पटक | ४०००० | ४०००० | | |
| ७ | खाद्य सुरक्षा निर्देशक समिति  र अन्य बैंठक | ५ पटक | ३ महिना | २०००० | १००००० | | |
| ८ | प्रचार प्रसार कार्यक्रम | १ पटक | १ पटक | १८०००० | १८०००० | | |
| जम्मा (ख) रु. | | | | | ८०५००० | | |
| ग. ५ वटा टोलमा पोषण मैत्री नमूना टोलमा कार्यक्रम सञ्चालनको लागि कुल जम्मा खर्च | | | | | | | |
| १ | पोषण संयोजक तलब | १ जना | ३ महिना | ४०००० | १२०००० | | |
| २ | क्रियाकलाप बजेट | ५  टोलमा | १ पटक | ८१५००० | ४०७५००० | | |
| ३ | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | १ पटक | १ पटक | १९२५०० | ८०५००० | | |
| जम्मा (ग)  रु. | | | | | ५०००००० | | |

नोटः १.आर्थिक प्रस्तावको क्रियाकलापको हाईलाईट नगरिएको खाली कोठाको क्रियाकलापको बजेट मात्र घट्न मिल्ने छ। जुन बजेट संस्थाबाट परिचालन हुने छ । हाईलाईट नगरिएको कोठा खाली छोडेमा आर्थिक प्रस्तावको मूल्याङ्कन हुने छैन।

पोषणमैत्री स्थानीय तह घोषणाको लागि विशेष अनुदान कार्यक्रम कार्यान्वयनका लागि शिलबन्दी प्रस्ताव आह्वान गरिएको सूचना

सूचना प्रकाशित मितिः २०८०/१२/१९

यस गाउँपालिकाका ९ वटै वडामा आ.व. २०८०/०८१ मा यस गाउँपालिकाको स्वीकृत बजेट कार्यक्रम अनुसार पोषणमैत्री स्थानीय तह घोषणाको लागि विशेष अनुदान कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सोका लागि प्रतिस्पर्धाबाट योग्यताक्रम निर्धारण गरी सेवा प्रदायक संस्थाको छनोट गर्नुपर्ने भएकोले ईच्छुक सेवा प्रदायक संस्था/ गैर सरकारी संस्था/फर्मबाट उक्त कार्यक्रम सञ्चालन गर्नका लागि रितपूर्वक प्रस्ताव आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः

१.प्रस्ताव आह्वानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त TOR प्राप्त गर्न सकिनेछ र १६ औं दिनको १२.०० बजे भित्र यस गाउँपालिकामा शिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र यसरी दर्ता भएका प्रस्तावहरु सोही दिनको २.०० बजे देखि कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।

२,प्रस्ताव दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन दर्ता वा खोल्ने कार्य गरिने छ।

३,प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहने छ।

४,कार्यगत शर्त TOR हरु गाउँपालिकाको वेवसाइट www.sannitrivenimun.gov.np वा गाउँपालिकाको कार्यालयबाट उपलब्ध हुनेछ।

५,फर्म खरिदको लागि राजस्व शाखाबाट रु. ३०००।- (तीन हजार पछि फिर्ता नहुने गरी) को नगदी रसिद वा यस कार्यालयको नाममा रहेको सानिमा बैंक लिमिटेड सान्नी त्रिवेणी शाखामा रहेको आन्तरिक राजस्व खाताको खाता नं. ०७३०१००४००००००३ मा रकम जम्मा भएको सक्कल भौचर पेश गरी खरिद गर्न सकिने छ। फर्म डाउनलोड गरी पेश गरेमा शिलबन्दी प्रस्ताव भित्रै रु. ३०००।-को नगदी रसिद वा बैंक भौचर अनिवार्य पेश गर्नुपर्नेछ।

६,TOR अनुसारका शर्तको पालना नभएको र रित नपुगि पेश हुन आएका प्रस्तावहरुलाई मान्यता दिइने छैन।

प्रमुख प्रशासकीय अधिकृत
सान्नी त्रिवेणी गाउँपालिका

अनुसूची-३

दफा ७ को १ सँग सम्बन्धित

**संघ संस्थाको विवरणका लागि भरिने फाराम**

१. सामान्य जानकारी

| | |
|---|---|
| १.१ परियोजनाको शीर्षक | |
| १.२परियोजनाको जिल्ला, प्रदेश | |
| १.३ संघ संस्थाको नाम | |
| १.४संक्षिप्त नाम कुनै छ भने | |
| १.५ संघ संस्थाका कानूनीस्तर | राष्ट्रिय/ जिल्ला<br>गैर सरकारी संस्था/फर्म |
| १.६सम्पर्क विवरण जस्तैः सम्पर्क व्यक्ति, ठेगाना, फोन, फ्याक्स, इमेल | |
| १.७ दर्ता भएको मिति, दर्ता गरिएको कार्यालयहरुको नाम, जस्तैः समाज कल्याण परिषद, जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिष्ट्रार कार्यालय आदि | |
| १.८ काम सुरु गरेको मिति | |
| १.९ दर्ता नवीकरणको अन्तिम मिति | |

| | |
|---|---|
| २.१ विधानमा उल्लेखित संस्थाको प्रमुख उद्देश्यहरु समावेश गर्ने (संस्थाको विधानको प्रतिलिपि संलग्न गर्ने, | |
| २.२संस्थाको योग्यता (जस्तैः कृषिमा, वनमा, पर्यटनमा, सेवामा आधारित उद्यमहरुको विकासका क्षेत्रमा) | |
| २.३कार्यक्रम व्यवस्थापन निर्देशिका (संस्था छनौट पछि हेरिने) | |
| २.४तपाईंको संस्थाले लैङ्गिक र सामाजिक समावेशिकरणका पक्षमा कस्तो ध्यान पुऱ्याएको छ। (जस्तैः कर्मचारी भर्नामा, कर्मचारीको जिम्मेवारीमा, लाभाशं वितरणमा आदि) | |
| २.५ संस्थाको कति जना कर्मचारी वा सदस्यहरुले उद्यमशीलता/ लघु- उद्यम विकासको माध्यमबाट गरिवी निवारणको लागि तालिम प्राप्त तथा अनुभव हासिल गरेका छन्। कति जना कर्मचारीको उद्यम विकास सहजकर्ता वा अधिकृतको रुपमा काम गरेको अनुभन छ? | |
| २.५ विगतमा संस्थाले उद्यम विकासको क्षेत्रमा के कति सफलता पाएको छ? | |
| २.७ विगतमा संस्थाले दातृ संस्थाहरुसँग वा साझेदारीमा काम गरेका संस्थाहरु (यदि भएमा) उल्लेख गर्नुहोस्। | |

२. संघ/ संस्थाको उद्देश्य तथा क्षमता

**२. विगत कामको अनुभव**

| ३.२ कामको किसिम | ३.३ जिल्ला | ३.३ गाउँपालिका/ नगरपालिका | ३.४ लाभान्वितहरु | | ३.५ कार्य गरेको अवधि | ३.६ कोष परिचालन रुपैंयाँमा | ३.७ कोषको स्रोत | ३.८ परिणाम हासिल |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | महिला प्रतिशतमा | | | | |
| | | | | | | | | |

३.९ पहिले काम गरेको दातृ देश वा संस्था र अन्य संस्थाहरुको सिफारिस कम्तिमा ३ वटा समावेश गर्ने।

३.१० संस्थाको छोटकरी प्रतिवेदन तथा प्रगति प्रोफाइल वा प्रकाशित भएको दस्तावेज कम्तिमा ३ वटा बुझाउनु होला जसले संस्थाको सफलता हासिल गरेको देखिन्छ।

**४. संस्थाको कार्यकारी समितिको संरचना**

| ४.१ व्यक्तिको नाम | ४.२ लिङ्ग | ४.३ जात/जनजाति | ४.४ बोर्डमा रहेको पद | ४.५ शिक्षा/ योग्यता | ४.६ काम गरेको क्षेत्र र अनुभव गरेको क्षेत्र | ४.७ सम्बन्धित जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरु |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोटः प्रस्तावित परियोजनामा बोर्डका सदस्यहरु कर्मचारी भएर काम गर्न पाउने छैन।

५. संस्थामा रहेका मावन स्रोतहरु

| ५.१ व्यक्तिको नाम | ५.२ लैङ्गिक | ५.३ जात/ जनजाति | ५.४ बोर्डमा रहेका पद | ५.५ शिक्षा/योग्यता | ५.६ काम गरेका क्षेत्र र अनुभव गरेको वर्ष | ५.७ सम्बन्धित जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरु (विशेष जिल्ला पनि) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. परियोजनाका टोलिको संरचना (यस प्रस्तावित परियोजना कार्यान्वयनका लागि)

| ६.१ व्यक्तिको नाम | ६.२ लैङ्गिक | ६.३ जात/ जनजाति | ५.४ पेशागत अनुशासन | ६.५ शिक्षा/ योग्यता | ६.७ काम गरेका क्षेत्र र अनुभव गरेको वर्ष | ६.८ जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरु (विशेष जिल्ला पनि) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोटः प्रस्तावित परियोजनामा बोर्डको सदस्यहरु कर्मचारी भएर काम गर्न पाउने छैन।

७. एकै साथ मिलेर वा साझेदारीमा

| ७.१ एकै साथ मिलेर वा साझेदारीमा काम गरेका संस्थाहरु | ७.२ एकै साथ मिलेर वा साझेदारीमा काम गर्नको उद्देश्य | ७.३ एकै साथ मिलेर काम गरेको अवधि | कैफियत |
|---|---|---|---|
| | | | |

## ८. वित्तीय तथा अन्य प्रणाली

| | |
|---|---|
| ८.१ बुक किपिङ प्रणाली/ वित्तीय/लेखा तथा प्रशासनिक प्रणाली | |
| ८.२ कर छुटको प्रमाण पत्र राख्नुपर्ने यदि संस्था कर छुटको दायरामा पर्दछ। | |
| ८.३ गत २ वर्षको अडिट प्रतिवेदन को साथ अडिटरले दिएको टिका टिप्पणी समेतको फोटो कपि पेश | |
| ८.४ VAT रजिष्ट्रेसनको प्रमाण पत्र र सूचीत नम्बर समावेश | |
| ८.५ व्यक्तिगत, प्रशासनिक, वित्तीय नीति/ निर्देशिका (छनोटपछि प्रमाणित गरिने छ) | |
| ८.६ ओभरहेडको उपयोग बारे रणनीति/ निर्देशिका | |

९. यदि संस्था कुनै पनि कानूनी झमेलामा परेको भएमा सत्य तथ्यता खुलाउनु पर्नेछ।

१०. माथि उल्लेखित सबै जानकारी सत्य छ भनि प्रमाणित गर्दछु।

सहि......................

नामः

पदः

मितिः

## 1. Curriculum Vitae

### I. General information

| | |
|---|---|
| Name | |
| Proposed position | |
| Sex and age | |
| Caste / ethnicity | |
| Address | |
| Email, mobile, fax | |

### II. Educational qualifications

| Degree | Name of school/ institution | Year of completion |
|---|---|---|
| | | |
| | | |

### III. Training received

| Subject of training | Name of institution/ training organization | Duration of trainning |
|---|---|---|
| | | |
| | | |

### IV. Employment history

| **Year ( from..to)** | **Name of organization** | **Position** | **Key roles and responsibilities (specify districts also)** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

### V. References (at least three)

**Date:..............................** **Signature.....................**

पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा बिस्तार  कार्यक्रमको लागी निवेदन तथा प्रस्तावना पत्रको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत
सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी,कालीकोट।

बिषयः पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा बिस्तार  कार्यक्रमको लागी प्रस्तावना पेश सम्बन्धमा।

प्रस्तुत बिषयमा त्यहा कार्यालयको मिति २०८०।१२।१५ मा प्रकाशित गरिएको सुचना अनुसार पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा बिस्तार  कार्यक्रममा सहभागि हुने योग्यता पुगेकाले आयोजना संचालन गर्नाका लागी निम्न बमोजिमका कागजातहरु यसै पत्र साँथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौ।

**संलग्न कागजातहरुः**

क) संस्था (ईच्छुक सेवा प्रदायक संस्था/गैर सरकारी संस्था/ फर्म) को विधायनमा बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम,महिला, बालबालिका र किशोरीहरुको  पोषण अवस्थामा सुधार ल्याउने,सुनौला १००० दिनका आमा तथा बालबालिकाको पोषण स्थितीमा सुधार,मातृ तथा वाल मृत्युदर घटाउने र बालबालिका महिला तथा किशोरीहरुको पोषणको अबस्था सुधारका क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भएको कागजातको प्रतिलिपी थान
ख) संस्था नविकरण अद्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी थान
ग) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी थान
घ) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र (कर छुट सुविधा प्राप्त गरेको संस्थाले प्राप्त गरेको संस्थाले कर कार्यालयले आफ्नो वार्षिक कारोवार विवरण पेश गरेको प्रमाण) को प्रतिलिपी थान
ङ) कार्यक्षेत्र शर्त TOR मा उल्लेख भए बमोजिम जनशक्ति भएको प्रमाणपत्रको प्रतिलिपी थान
च) कालो सूचिमा नपरेको स्वघोषणा पत्रको प्रतिलिपी थान
छ) आ.व. २०७९/०८० को लेखापरीक्षण भएको प्रमाणपत्रको प्रतिलिपी थान
ज) समाज कल्याण परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी थान
झ) यसै कार्यादेशको अनुसूची १,२ र ३ मा उल्लेख गरिए अनुसारको प्रस्तावको ढाँचा ।
ञ) स्व घोषणा पत्र थान

निवेदक

दस्तखतः

संस्थाको पुरा नामः

ठेगानाः

सम्पर्क नं

ईमेलः

संस्थाको आधिकारी छाप